# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २९६ काठमाडौं शनिबार, १२ फागुन २०८० Prabhab National Daily Saturday, February 24, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# प्रतिपक्षीले मागे तीन मन्त्रीको राजीनामा

- भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहन बस्नेत र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको राजीनामा माग
- रास्वपा संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठले सांसद क्यालेन्डरअनुसार नचलेको उल्लेख गर्दै गठबन्धनमा भ्वाङ परेको भनी गरे व्यंग्य
- राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले बालकुमारी घटनाबारे प्रधानमन्त्री वा गृहमन्त्रीले रोस्ट्रमबाट जवाफ नदिएसम्म संसद् चल्न नसक्ने चेतावनी दिए

■ **प्रभाव संवाददाता**



**शुक्रबार प्रतिनिधिसभा बैठक अवरुद्ध गर्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसदहरू ।** *तस्बिरः रासस*

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल बेलाबेला आफ्ना मन्त्रीहरूसँग असन्तुष्ट सुनिन्छन् । बेलाबेला मन्त्रिपरिषद् हेरफेर हुने घुर्की पनि लगाउँछन् । तर सत्तारुढ दलका नेताहरूले उनको गुनासोको कुनै सुनुवाइ गरेका छैनन् ।

बरू प्रतिपक्षी दलहरूले नामै किटेर तीन मन्त्रीको राजीनामा माग गर्दै प्रतिनिधिसभा बैठक अवरुद्ध पारेका छन् । शुक्रबारको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मन्त्रीहरूको राजीनामा माग्दै प्रतिनिधिसभा अवरुद्ध पारेका हुन् ।

शुक्रबार बैठक सुरू हुनासाथ एमालेका सांसद योगेश भट्टराईले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहन बस्नेत र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको राजीनामा माग गरेका हुन् ।

'भौतिक पूर्वाधारमन्त्रीको लापरबाही, उहाँ जसरी त्यो बाटोमा जानुभयो र स्वयं सरकारले बनाएको आयोग, छानबिन समिति मात्रै होइन,' भट्टराईले भने, 'आयोगले मन्त्री दोषी छ भनिसकेपछि त्यो मन्त्री फेरि पदमा बहाल हुने कुरा नैतिक हिसाबले हुँदै हुँदैन ।' यस घटनामा प्रधानमन्त्री दाहालले आइतबार संसद्मा भएको प्रश्नोत्तर कार्यक्रममा बालकुमारी घटनामा दुई युवाको मृत्यु नभई हत्या भएको भन्ने शब्द चयन गरेको हुँदा सरकार आफैंले जिम्मेवारी लिनुपर्ने भट्टराईको तर्क थियो ।

'बालकुमारी घटनामा दुईजना युवाको हत्या भयो भनेर प्रधानमन्त्री स्वयंले भन्नुभएको छ । यदि बालकुमारी घटनामा हत्या भएको हो भने कसले गऱ्यो त, नागरिक तहमा झडप भएर हत्या भएको होइन,' उनले भने, 'सुरक्षाकर्मीको गोलीबाट बालकुमारीमा दुई जना युवाको हत्या भएको हो । यसमा सिंगो सरकार जिम्मेवार छ ।'

उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि हत्याको नैतिक जिम्मेवारी लिनुपर्ने सांसद भट्टराईको जिकिर थियो । त्यसैगरी टेरामक्स घोटाला प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल पुगेर स्वास्थ्यमन्त्री बस्नेतले सरकारी पदको दुरूपयोग गरेको आरोप लगाए ।

'झण्डा हल्लाएर अख्तियारको अफिसमा बयान दिन गएका मन्त्री सम्भवतः उहाँ पहिलो होला । अख्तियारले बयान लिएको छ भने त्यो मन्त्री फेरि पदमा बहाल हुने कुरा हामीलाई किमार्थ स्वीकार्य छैन,' उनले भने ।

त्यसैगरी एमालेले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको पनि राजीनामा माग गरेको छ । लुम्बिनीको रामग्रामलाई ९९ वर्षका लागि लिजमा दिएको भन्दै भट्टराईले उनको राजीनामा माग गरेका हुन् ।

### सत्तापक्ष र प्रतिपक्षीबीच आरोपप्रत्यारोप

बैठकमा सत्तापक्ष र प्रतिपक्षी दलका सांसद्बीच आरोप-प्रत्यारोप चल्यो । आकस्मिक समय लिएर बोलेका नेपाली कांग्रेसका सांसद राजेन्द्र केसीले बिहीबार प्रतिपक्षी दलका सांसदहरू उठेर हिँडेपछि गणपुरक संख्या नपुगेको र राजनीतिक दलसम्बन्धी विधेयक प्रस्तुत हुन नसकेको आरोप लगाए ।

'हिजो राजनीतिक दलसम्बन्धी विधेयक प्रस्तुत गर्ने बेलामा प्रतिपक्षीको अनौठो नाटक मञ्चन देखियो । गणपूरक पुग्छ कि भनेर उहाँहरू १०-१५ जना बाहिर निस्कनुभयो, अत्यन्त दुःख लाग्यो । दुःखका साथ भन्नुपर्छ, यो सत्तापक्षकोमात्रै विधेयक पास गर्ने थलो हो कि, प्रतिपक्षीको मात्रै हो !,' केसीले प्रश्न गरे ।

उनको प्रश्नलगत्तै नेकपा एमाले, रास्वपा, राप्रपालगायत दलका सांसद उठेर विरोध जनाउन थाले । त्यसपछि सभामुख देवराज घिमिरेलाई सदन चलाउन मुश्किल परेको थियो ।

सत्तापक्षका सांसदहरूले बोलिरहेका बेला सभामुखले रोक्नु नियमावलीसम्मत नभएको भन्दै प्रतिवाद गरे । त्यसपछि सभामुख घिमिरेले सांसद केसीलाई बोल्न दिएका थिए ।

एमाले प्रमुख सचेतक पदम गिरीले प्रधानमन्त्री दाहाल सदनमा उठेका प्रश्नको जवाफ दिनुको सट्टा सत्तापक्षका सांसद लगाएर प्रतिपक्षी दललाई हिलो छ्याप्न खोजेको आरोप लगाए । प्रमुख सचेतक गिरीले देशमा बहाल रहेका मन्त्रीहरूको अकर्मण्यताका कारण दिनदहाडै नागरिकले ज्यान गुमाउनुपरेको बताए ।

रास्वपा संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठले सांसद क्यालेन्डरअनुसार नचलेको उल्लेख गर्दै गठबन्धनमा भ्वाङ परेको हो भनी व्यंग्य कसे । 'उहाँहरूले विधेयक ल्याएपछि त्यो चलाउने दायित्व पनि उहाँकै हो । गठबन्धनमा प्वाल परेको हो ? हामी यहाँ प्रतिपक्षमा बसेर सरकारलाई रचनात्मक सहयोग गरिरहेका छौं । यो क्यालेन्डर के हो ? यो क्यालोन्डर थिएन ? नभए फोटोकपी गरेर हामी उपलब्ध गराउँछौं !,' उनले भने ।

राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले बालकुमारी घटनाबारे प्रधानमन्त्री वा गृहमन्त्रीले रोष्ट्रमबाट जवाफ नदिएसम्म संसद् चल्न नसक्ने चेतावनी दिए । 'सरकार पक्षलाई सोध्न चाहन्छु- क्यालेन्डर बनाएका छौं । हेरिदिनूस् । आँखा देख्नुहुन्न भने चश्मा लगाउनूस् । मैले त लगाएको छु । क्यालेन्डर लागू गरिएको छ, कार्यव्यवस्था समिति छ । सभामुखले बेलाबेला बोलाउनुभएको छ । तपाईंहरू गोदावरीमा पार्टीको कार्यक्रम भनेर त्यहीँ रूमल्लिने, संसद्मा नआउने । आरोपचाहिँ हामीलाई लाउने ?,' उनले भने ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## 'वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने दायित्व तीन तहकै सरकारले वहन गर्नुपर्छ'

**धनुषा (प्रस)-** मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन तीनै तहको सरकारबीच समन्वय आवश्यक रहेको बताएका छन् ।

श्रम तथा यातायात मन्त्रालय मधेस प्रदेशले आयोजना गरेको महिला, बालबालिका तथा सामाजिक न्याय समिति मधेस प्रदेशसभासँगको बहुपक्षीय कार्यशाला गोष्ठीको उद्घाटन सत्रमा मुख्यमन्त्री यादवले मुलुकको कूल गार्हस्थ उत्पादनमा करिब २३ प्रतिशत योगदान दिने वैदेशिक रोजगारी क्षेत्र व्यवस्थित बनाउने दायित्वबाट कोही पनि पन्छिन नपाउने उल्लेख गरे ।

वैदेशिक रोजगारीको क्षेत्रलाई व्यवस्थित बनाउन मधेस प्रदेश सरकारले समाजिक विकास मन्त्रालयबाट छुटयाएर श्रम तथा यातायात मन्त्रालय स्थापना गरेको स्मरण गराउँदै मुख्यमन्त्री यादवले श्रम तथा रोजगारीको क्षेत्रलाई व्यवस्थित बनाउन प्रदेश सरकार कुनै कसर बाँकी न राख्ने प्रतिबद्धता व्यक्त गरे ।



सीप नहुँदा वैदेशिक रोजगारीमा ठूलो समस्या उत्पन्न भइरहेको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री यादवले वैदेशिक रोजगारीमा जानेलाई सीपप्रति आकर्षित गर्ने कार्यक्रम ल्याउन सम्बन्धित अधिकारीलाई निर्देशनसमेत दिए । ग्रामीण क्षेत्रबाट दैनिक मजदुरीका लागि सदरमुकाम आउने श्रमिकको आवासको समस्यालाई मध्यनजर गर्दै प्रदेश सरकारले आठवटै जिल्लाको सदरमुकाममा श्रमिक भवन निर्माणका लागि बजेट व्यवस्थापन भइसकेको र सम्बन्धित स्थानीय तहहरूसँग समन्वय भइरहेको जानकारीसमेत गराए ।

श्रम तथा यातायात मन्त्रालयका सचिव सुरेन्द्र पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा मधेस प्रदेशसभा महिला बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रूपाकुमारी यादवले आप्रवासी कामदार समस्यामा पर्दा सरकारको तर्फबाट यथोचित सहयोग नहुनु दुःखद् भएको बताइन् ।

गोष्ठीमा स्वीस दूतावासका प्रतिनिधि एन्टोनियाले मधेस सरकारले श्रम तथा रोजगार नीति तयार गर्नु सराहनीय रहेको उल्लेख गरे । उनले मधेस प्रदेशमा स्वीस सरकारको सहयोगमा सञ्चालित सामी र रेमी परियोजनालगायतका कार्यक्रममा प्रदेश सरकारको तर्फबाट भइरहेको सहयोग एवं सहकार्यप्रति धन्यवादसमेत व्यक्त गरे ।

गोष्ठीमा प्रदेशसभा महिला बालबालिका तथा सामाजिक न्याय समितिका सदस्य, श्रम तथा यातायात मन्त्रालयका पदाधिकारी एवं श्रमसँग सम्बन्धित प्रदेश सरकारका प्रतिनिधि, सामी एवं रेम्मी परियोजनाका पदाधिकारीलगायतका सरोकारवालाको सहभागिता थियो ।

## पोर्चुगलमा अलपत्र सुस्मितालाई आर्थिक सहयोग

**लिस्बन (पोर्चुगल)-** उपचार अभावमा पोर्चुगलमा बिचल्लीमा परेकी नेपाली युवतीलाई स्वीट्जरल्याण्डबाट आर्थिक सहयोग प्रदान गरिएको छ । पोर्चुगलमा सडक दुर्घटनामा परी गम्भीर घाइते भई उपचार अभावमा बिचल्लीमा परेकी सिन्धुली मरिण-३ की २९ वर्षीया सुस्मिता मोक्तानलाई स्वीट्जरल्याण्डबाट आर्थिक सहयोग प्रदान गरिएको हो ।

गैरआवासीय नेपाली संघ स्वीट्जरल्याण्डकी सचिव सुनिता तामाङ ब्लोनको पहल तथा सक्रियतामा दुई हजार २४६ युरो आर्थिक संकलन गरी पीडित मोक्तानलाई सहयोग प्रदान गरिएको हो । स्वीट्जरल्याण्डका नेपाली समुदायसँग संकलन गरिएको उक्त सहयोग रकम मोक्तानको बैंक खातामा पठाइएको तामाङले जानकारी दिइन् ।

वैदेशिक रोजगारीको सिलसिलामा दुई वर्षअघि पोर्चुगल आएकी पीडित मोक्तान गत जनवरी १० तारिखका दिन सडक दुर्घटनामा परेकी थिइन् । सडक पार गर्ने क्रममा कारको ठक्करबाट गम्भीर घाइते भएकी उनको दाहिने हात भाँचिएको छ भने 'हिप फ्याक्चर' भई देब्रे खुट्टा नचल्ने भएको छ ।



यसअघि उपचार अभावमा मोक्तान बिचल्लीमा परेको समाचार राससमार्फत सम्प्रेषण भएको थियो । पीडित मोक्तानको औषधोपचारका लागि विभिन्न क्षेत्रबाट सहयोग जुट्ने क्रम जारी छ । *रासस*

## फोहोरले दुर्गन्धित लुम्बिनी

**लुम्बिनी (मर्चवार)–** बढ्दो जनसंख्या र पर्याप्त सुविधा नहुँदा लुम्बिनीमा फोहोरको समस्या निकै जटिल बन्दै गएको छ । बुद्ध जन्मस्थल तथा अन्तर ाष्ट्रिय पर्यटकीय नगरी लुम्बिनीमा जथाभावी फालिएका फोहोरको थुप्रो हप्तौंसम्म पनि नउठ्दा यहाँ भ्रमण गर्न आउने पर्यटकमा नकारात्मक प्रभाव परेको छ ।



सडेगलेका वस्तुमात्र नभई नसडेका र त्यही स्वरूपमा काम नलाग्ने अन्य वस्तुहरू जताततै अव्यवस्थित रूपमा फालिएकाले जनस्वास्थ्य, पर्यावरण र सौन्दर्यमा असर परेको छ । बुद्ध दर्शनका लागि लुम्बिनी पुगेका भारतीय पर्यटक सञ्जय कुमारले भने, 'लुम्बिनीको मुख्य आकर्षण मायादेवी मन्दिरको पूर्वी बगैंचा र मुख्य प्रवेशद्वारमा फोहोरको दुर्गन्ध सहीसक्नु छैन ।'

लुम्बिनीलाई सफा र स्वच्छ राख्न स्थानीयसँगै लुम्बिनी सांस्कृतिक नगरपालिका, लुम्बिनी विकास कोष, विश्व वन्यजन्तु कोष, युनेस्को, एडिबी र विश्व बैंकलगायतका संघसंस्था लामो समयदेखि कार्यरत रहे पनि फोहोरको ब्यवस्थापन हुन सकेको छैन । नागरिक सहकार्य मञ्च लुम्बिनीका अध्यक्ष अब्दुल जुबेर भन्छन्, 'त्यहाँ फोहोर संकलन, ढुवानी, विसर्जन र व्यवस्थापनका लागि विद्यमान प्रणाली नै अव्यवस्थित छ ।'

अहिले लुम्बिनीको प्रवेशद्वार तथा मुख्य बजार र बस्ती छेउमा जताततै फोहोर फयाँकिएका छन् ।

(क्रमशः पृष्ठ २ मा)


## युएईमा रोजगारको अवसर

कम्पनी : AJ SECURITY GUARD SERVICES

पुर्व स्वीकृति मिति २०८०/११/११ LT No.300285 चलानी नं. ६०२१५३८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard - SIRA | 35 | 0 | 1200 | ४३,४४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard (ASSD) | 100 | 15 | 2000 | ७२,४१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: होटल इन्टुरिस्ट, इटहरी, सुनसरीमा मिति: २०८० फागुन २० गते (3rd Mar. 2024) मा हुनेछ ।
इटहरीको लागि सम्पर्क: ९८२२३९७५२०, ९८०४३७२३५७, ९७०४५१६९२२
होटल सेन्टर पोइन्ट, झापामा मिति: २०८० फागुन २१ गते (4th Mar. 2024) मा हुनेछ । सम्पर्क: ९८०६०८४१२९
बाजेको सेकुवा, पोखरामा मिति: २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।
चितवनमा मिति: २०८० फागुन २३ गते (6th Mar. 2024) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ । सम्पर्क: ९८५११९४५१३

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com,
Kalyan Thapa: 9840510091, Rudin Dahal: 9842749866, Abhishek Thapa: 9863849506
INTREPID LEARN ADAPT EVOLVE

पृष्ठ १ बाट क्रमशः

## प्रतिपक्षीले मागे...

उनले सत्ता पक्षका गल्तीका कारण संसद् बैठक प्रभावित भएको बताए । त्यसपछि माओवादीका सांसद माधव सापकोटाले प्रतिपक्षी दलका सांसदले राखेका विषयदेखि सभामुखको भूमिकामाथि नै प्रश्न उठाए । 'सभामुखलाई प्रश्न छ- संक्षिप्त समय भनेको कति समय हो ? मनलाग्दी बोल्न पाउने हो कि या सम्माननीय सभामुखको तजबिजमा तपाईंलाई आनन्द आएका कुराहरूमात्र बोल्न पाइने हो । सभामुखलाई सीधा प्रश्न गर्न पाइँदैन । सभामुखलाई रोष्ट्रममा बस्दा तपाईंका कानमा राम्रा स्वर गुञ्जिएनन् भने बीचैमा रोक्न पाइँदैन भन्ने कुरा हाम्रो संसद्को नियमावलीको धारा २१ को (ङ) ले भन्छ,' उनले भने ।

राजन केसीलाई सभामुखले नै बोल्न समय दिएको सम्झाउन भ्याए उनले । त्यसपछि सापकोटाले राप्रपाका सांसद शाहीले राखेका विषयको प्रतिवाद गरे । उनले संसद् चल्न नदिने भए राजीनामा दिएर सडकमा उत्रिएर प्रतिवाद गर्नसमेत चुनौती दिए ।

सापकोटाले बोलेपछि प्रभु शाह र कांग्रेस सांसद राजेन्द्र बजगाइँले आफ्नो धारणा राखेका थिए । त्यसपछि प्रतपक्षी दलहरू उठेर विरोध जनाएका थिए । सभामुख घिमिरेको अनुरोधका बाबजुद सांसदहरू विरोध कायम राखेपछि संसद् बैठक १५ मिनेटका लागि स्थगित गरिएको थियो । त्यसपछि सुरू भएको दोस्रो बैठक आधा घण्टा चलेर आइतबार ११ बजे बस्नेगरी स्थगित भएको सभामुख घिमिरेले जानकारी दिए ।

### महासचिव पाण्डेयको नागरिकतामाथि प्रश्न, एमालेको बचाउ

संघीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेयको नागरिकता र राहदानीबारे प्रतिनिधि सभा बैठकमा सांसदहरूले प्रश्न उठाएका छन् । माओवादी केन्द्रका सांसद माधव सापकोटा र नेपाली कांग्रेसका सांसद राजेन्द्र बजगाईंले महासचिव पाण्डेयको नागरिकता र राहदानीबारे प्रश्न उठाएका हुन् । सापकोटाले संघीय संसद्का महासचिव पाण्डेयका तीन वटा नागरिकता र दुई वटा पासपोर्ट रहेको विषय संसद्मा औपचारिक रूपमा उठ्नुपर्ने भन्दै प्रतिपक्ष दलका सांसदले त्यसमा किन ध्यान नदिएको प्रश्न गरे ।

'संसद्का महासचिवका तीन वटा नागरिकता र दुई वटा पासपोर्ट पनि तपाईंहरूले उठाएका कुरामा थप्नुहोस् !,' सापकोटाले प्रश्न गरे, 'संसद्का महासचिवको तीनवटा नागरिकता छ, दुईवटा पासपोर्ट छ तपाईंहरूले त्यो थप्नुहुन्न ?'

सांसद बजगाईंले पनि संघीय संसद्का महासचिव पाण्डेयको नागरिकताको उचित छानबिन गर्न माग गरे । 'पाण्डेयको नागरिकता विवादले भ्रम सिर्जना गरेको छ । यसको पनि उचित छानबिन हुनुपर्छ,' बजगाईंले भने ।

एमाले सचेतक महेश बर्तौलाले भने संघीय संसद्को महासचिवलाई छानबिन गरी कारबाही गर्न चुनौती दिए । दोस्रो बैठकमा बोल्दै सचेतक बर्तौलाले संघीय संसद्को महासचिवमाथि व्यक्तिगत लाञ्छना र चरित्र हत्या गर्नेगरी बैठकमा कुरा उठेको भन्दै असन्तुष्टि व्यक्त गरे ।

'महासचिवको विषयमा प्रश्नहरू उठे । सम्मानित राष्ट्रपतिज्यूले नियुक्ति गर्नुभयो । नेपालको संविधान र प्रचलित कानुन बमोजिमका विषयहरूका आधारबाट सिफारिस हुनुपर्ने ठाउँबाट सिफारिस भयो, नियुक्ति हुने ठाउँबाट नियुक्ति भयो, शपथ भयो, कार्यसम्पादन भइरहेको छ,' बर्तौलाले भने, 'एउटा व्यक्ति प्रति लक्षित भएर, सभाको महासचिवमाथि लक्षित भएर, व्यक्तिगत लाञ्छना त्यसप्रकारले लगाउने गरी विषयवस्तु आउने, चरित्र हत्या गर्ने विषयवस्तु आउने, सांसदको तहबाट त्यो मिल्यो कि मिलेन ?'

पाण्डेय सभामुख देवराज घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनाको सिफारिसमा नियुक्त भएका हुन् । नियुक्तिअघि पाण्डेयले उमेर घटाएर दोस्रो नागरिकता लिएको सार्वजनिक भएको थियो । उनले सुरुमा २०२६ असोज २६ गते जन्ममिति उल्लेख गरी नागरिकता लिएकामा अमेरिका जानुअघि २० वर्षपछि उमेर घटाएर अर्को नागरिकता लिएका थिए । जन्ममिति २०३२ पुस २६ गते भएको उल्लेख गरेर २०६६ मा लिएको दोस्रो नागरिकता १० वर्षपछि रद्द गराएका थिए ।

तर, एमाले सचेतक बर्तौलाले पाण्डेयको नागरिकता र राहदानीको विषय अदालतबाट राफसाफ भइसकेको भन्दै प्रश्न उठाउँदा यो विषय ख्याल गर्न भनेका छन् ।

बर्तौलाले महासचिव पाण्डेयको नागरिकता र राहदानीबारे प्रश्न उठाउनुभन्दा कारबाही गरेर देखाउन चुनौती दिए । 'सरकारका प्रधानमन्त्री त यहाँकै दलको हुनुहुन्छ, गृहमन्त्री त यहाँकै दलको हुनुहुन्छ, किन यति धेरै कष्ट गरिरहनुपर्छ यहाँ आएर ? कारबाहीको प्रक्रिया, छानबिनको प्रक्रिया, अनुसन्धानको प्रक्रिया त सरकारले गर्ने होला,' उनले भने ।

■■■

## फोहोरले दुर्गन्धित...

फोहोर नपुरेकाले दुर्गन्ध फैलिएको छ । घरको फोहोर घरमै तह लगाउन सके फोहोरको सकस कम हुने पर्यटन व्यवसायी वीरेन्द्र मिश्र बताउँछन् । 'वातावरणमैत्री विकासको जिम्मेवारी नागरिकको पनि हुन्छ,' उनले भने, 'नागरिक आफैंले फोहोर व्यवस्थापन गर्नुको विकल्प छैन ।' वातावरणमैत्री ऐन, कानुन र नियमहरूले फोहोरमैलाको प्रभावकारी व्यवस्थापनमा स्थानीय जिम्मेवारीलाई जोड दिँदै आवश्यक पूर्वाधार निर्माण र सञ्चालन गर्न सामूहिक प्रयासमा जोड दिएको छ ।

सर्वसाधारणमा चेतनाको कमी र कमजोर कार्यान्वयनका कारण सोचेअनुसारको उद्देश्य हासिल हुन नसकेको सामुदायिक विपद् व्यवस्थापन समिति राष्ट्रिय सञ्जाल नेपालका अध्यक्ष जगन्नाथप्रसाद कुर्मीको भनाइ छ । फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन फोहोरको प्रभाव, पर्यावरण संरक्षण, र स्वच्छताको महत्व बुझाउनका लागि प्रशिक्षण र जागरूकता गराउन आवश्यक भएको अध्यक्ष कुर्मीको भनाइ छ । सामुदायिक संगठन, अनुसन्धानमूलक संघ-संस्थाहरू र सरकार समेत मिलेर सामुदायिक सहभागितामा फोहोरमैलाको प्रभावकारी व्यवस्थापन र उपयोगका लागि काम गरेमा त्यसले पर्यावरण, स्वास्थ्य र समृद्धिमा अभिवृद्धि गर्नपर्नेमा उनको जोड छ ।

फोहोर संकलनमा मात्रै केन्द्रित हुँदा लुम्बिनीमा फोहोरको विर्सजन चुनौतीपूर्ण बनेको बताउँछन्, वातावरणका जानकार डा.सतीश उपाध्याय । उनका अनुसार फोहोर संकलनमा बढी केन्द्रित हुने तर त्यसलाई राम्रोसँग तह लगाउनेबारे अध्ययन र नीतिगत निर्णय नहुँदा यसको समस्या लुम्बिनीमा मात्र होइन, नेपालभरि देखिएको छ ।' सहरको फोहोर तेलार नदी र सडक किनारको जंगलमा फाल्ने गरेकाले त्यसले पर्यावरणमा असर पारेको छ । 'नदी र जंगलको बीचमा फोहोर फालेर समस्याको दिगो समाधान हुँदैन' उनी भन्छन्, 'जबसम्म उपभोक्तालाई फोहोरमा मोहोर छ भन्ने बुझाउन सकिँदैन, तबसम्म यो समस्या चुनौतीपूर्ण रहिरहन्छ ।'

समान्यतया घरेलु फोहोरमैला, व्यावसायिक फोहोरमैला, कृषिजन्य फोहोरमैला र निर्माणजन्य फोहोरमैला हुन्छन् । यी फोहोरलाई जैविक फोहोर (खाना र भान्साको फोहोर), निष्क्रिय र गैरजैविक फोहोर (निर्माण र भत्काउने फोहोर) र पुनः प्रयोग गर्न मिल्ने फोहोर (प्लास्टिक, कागज, बोतल, गिलास आदि) गरी तीन भागमा बाँड्न सकिन्छ । फोहोरको विकल्प दिदै डा.उपाध्याय भन्छन्, 'माटाका भाँडा, नरिवल, पुरैनी र केराको पातहरू प्रयोग गर्नु प्लास्टिकको लागि उत्तम विकल्प मानिन्छ । यसले स्थानीयलाई रोजगारीको अवसरसमेत प्राप्त हुन्छ ।' कतिपय रेस्टुरेन्टहरूमा माटाको भाँडामा चिया र टपरीमा खाना दिने गरिएको छ । केहीले माटोबाटै बनाइएका सजावट सामाग्रीको प्रयोग गरेका छन् । यस्ता व्यवसायीहरूलाई सरकारले प्रोत्साहित गर्नुपर्ने उनको सुझाव छ ।

डा. उपाध्याय भन्छन्, 'नेपालका सिमेन्ट उद्योग तथा हरेक सपिङ सेन्टरहरूलाई प्लास्टिकको झोला र बोराको सट्टामा नेपालमै बनेको जुटको झोला र बोराहरू मात्र प्रयोग गर्नुपर्ने नियम बनाएर दशकौंदेखि बन्द भएको उद्योगलाई पुनर्जीवन दिन सकिन्छ ।' फोहोरबाट विभिन्न वस्तुहरू निर्माण गर्न, ऊर्जामा उत्पादन गर्न र प्रांगारिक मल उत्पादन गरी आर्थिक समृद्धि गर्न सकिने उनको भनाइ छ ।

लुम्बिनीमा फोहोर व्यवस्थापनका लागि सरसफाइ अध्ययन केन्द्र तथा हरित पार्क निर्माणको प्रक्रियामा छ । नगरपालिकाले पाँचजना सफाइकर्मीबाट दैनिक सरसफाइको कार्य गरिरहेको र 'ग्रीन लुम्बिनी, क्लीन लुम्बिनी' भन्ने अभियान लिएर प्रत्येक सोमबारलाई 'ग्रीन डे, क्लीन डे'का रूपमा नियमित सरसफाइ अभियान सञ्चालन गरेको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८०/११/१२

यस कम्पनीको मिति २०८०/०६/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वुमन एड्भेन्चेर प्रा.लि. (प्रा.लि. नं. २५८५५४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०७/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वुमन एड्भेन्चेर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

# सरकारी जग्गा हडपेको विवरण संकलन गर्न गृहको निर्देशन

**काठमाडौं (प्रस)–** गृह मन्त्रालयले अतिक्रमणमा परेका सार्वजनिक एवं सरकारी स्वामित्वको जग्गा फिर्ता गर्ने अभियानलाई तीव्रता दिएको छ । मन्त्रालयले सार्वजनिक एवं सरकारी स्वामित्वको जग्गा कसैले हडपेको भए त्यसको यकीन विवरण मन्त्रालयसमक्ष पेस गर्न ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ ।

मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले सरकारी जग्गा अतिक्रमण हुन नदिन देशभरका प्रशासन कार्यालयलाई उक्त निर्देशन दिइएको जानकारी दिए । उनले पूर्ववत् सरकारी, सार्वजनिक, सन्धिसर्पन, ऐलानी कायम गर्ने प्रयोजनका लागि सोसम्बन्धी सत्य तथ्य सूचनासहितको विवरण संकलन गरी गृह मन्त्रालयमा पठाउन भनिएको बताए । त्यस्तो कार्य गर्नेउपर प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई मन्त्रालयले पत्राचार गरेको छ ।

सरकारी वा सार्वजनिक वा निश्चित प्रयोजनका लागि उपयोग गर्न दिइएका जग्गा अनधिकृतरूपमा दर्ता वा दाखिल खारेज गरी अतिक्रमण वा कब्जा गरेको एवं तोकिएको उद्देश्यभन्दा फरक प्रयोजनका लागि प्रयोग भएका विभिन्न घटनाबाट देखिएपछि मन्त्रालयले जग्गा फिर्ताको पहल थालेको हो ।

मन्त्रालयले सरकारको स्वामित्वमा रहेका र सरकारको स्वीकृतिले कुनै सार्वजनिक संस्था (प्रचलित कानुनबमोजिम स्थापना भएका प्रतिष्ठान, बोर्ड, प्राधिकरण, संस्थान, विकास समिति, विश्वविद्यालय, विद्यालय, स्वास्थ्य संस्था, कम्पनी वा अन्य सार्वजनिक वा गैरसरकारी संस्था) लाई उपयोग गर्नेगरी उपलब्ध गराइएका सरकारी र सार्वजनिक जग्गा देशभर रहेका जनाएको छ ।

अतिक्रमण भएका जग्गा फिर्ता ल्याउने तथा राज्यको सम्पत्ति कब्जा गर्नेलाई कानुनबमोजिम कारबाही गरिने प्रतिबद्धता प्रवक्ता भट्टराईले व्यक्त गरे ।

### दोषीलाई कानुनको कठघरामा ल्याइन्छ : गृहमन्त्री

**नेपालगञ्ज (प्रस)–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुशासन, समृद्धि र सामाजिक न्याय सरकारको मूल मन्त्र भएको बताएका छन् । लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीका विषयमा जानकारी दिन राजनीतिक दल, पत्रकार, नागरिक समाज, धार्मिक अगुवासँग शुक्रबार भएको भेटघाटमा उनले शान्तिसुरक्षा, अमनचयन र अपराध नियन्त्रण गर्न सफलता हासिल भएको उल्लेख गरे ।

जनताको समाजिक आर्थिक जीवनमा परिवर्तन ल्याउनु आजको मुख्य कार्यभार भएको भन्दै गृहमन्त्री श्रेष्ठले सुशासनका लागि भ्रष्टाचारको प्रभावकारी नियन्त्रण नगरीकन समृद्धिले फड्को मार्न नसक्ने बताए । 'जे गरे पनि हुन्छ भन्ने स्थितिको अन्त्य गर्न खोजेका छौं,' उनले भने । जतिसुकै शक्तिशाली, राजनीतिक पहुँचको भए पनि जत्रा ठूला नेता भए पनि वा जति ठूलो कर्मचारी भए पनि अब नचल्ने उल्लेख गर्दै गृहमन्त्री श्रेष्ठले दोषीलाई कानुनको कठघरामा ल्याइने बताए ।

**Aandhikhola Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Krishi, Syangja**

**Gandaki Province,Nepal**

**Notice for the Letter of Intent**


**(First Publication Date: 24th of February, 2024)**

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: ***ANDH-W-NCB-TS-05-080-81***, as per the Invitation for Bids published in the national daily newspaper **" Prabhav Patrika National Daily"** on **5th of January, 2024**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| ***ANDH-W-NCB-TS-05-080-81*, Upgrading Of Tikaja Deurali Bagaledada Samdhikhola Road** | **SHREE OIAD/PRASHANTA J.V,AANDHIKHOLA -06, SYANGJA** | **79,58,464.81** |

**Chief Administrative Officer**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

फागुन १२ गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । |
| **वृष** | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । |
| **मिथुन** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **कर्कट** | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । |
| **सिंह** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **कन्या** | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । |
| **तुला** | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ । |
| **वृश्चिक** | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । |
| **धनु** | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ । |
| **मकर** | स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु होला । |
| **कुम्भ** | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला । |
| **मीन** | प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन १२ गते, २०८०, २४ फेब्रुअरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# स्नातक कार्यक्रम पुन: तीन वर्षे बनाउने प्रतिबद्धता

**काठमाडौं (प्रस)-** त्रिभुवन विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्राडाकेशरजंग बरालले स्नातक तहको कार्यक्रमलाई पुन: तीनवर्षे बनाइने बताएका छन् । त्रिविले २०७१/७२ सालदेखि व्यवस्थापन संकायतर्फ चारवर्षे स्नातक कार्यक्रम सुरुआत गरेको थियो ।

विश्वविद्यालयको केन्द्रीय कार्यालयमा शुक्रबार पदबहाली गरेपछि त्यहाँ उपस्थित विभागीय प्रमुख, कर्मचारी तथा प्राध्यापकहरूलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. बरालले चारवर्षे स्नातक कार्यक्रम लामो हुन गएकाले विद्यार्थी र अभिभावकको लगानी बढ्नाका साथै त्रिविको कार्यसञ्चालनमा पनि असहजता थपेको बताए । ‘बाहिरको शिक्षा प्रणाली अनुकूल बनाउने जनाउँदै चारवर्षे गरियो तर छिमेकी भारत, युरोपेली मुलुकलगायत थुप्रै ठाउँमा अहिले पनि तीनवर्षे स्नातक कार्यक्रम नै चलिरहेको छ,’ उनले भने ।

अमेरिकालगायत केही देशमा चारवर्षे स्नातक तहका कार्यक्रम सञ्चालनमा रहेको उल्लेख गर्दै उपकुलपति बरालले भने, ‘त्यस्ता देश वा त्यस्तै चारवर्षे विषय पढ्न जान चाहने विद्यार्थीका लागि तीनवर्षे कोर्ष सकेपछि थप एक वर्षको छुट्टै मानार्थ उपाधिका कार्यक्रम चलाउन सकिन्छ ।’

साथै उनले विषयको विशिष्टताका कारण केही विषयका स्नातक कार्यक्रम भने चारवर्षे वा पाँचवर्षे हुनसक्ने बताए । विश्वविद्यालयका केही कार्यक्रममा विद्यार्थी संख्या अत्यन्त न्यून र केहीमा शून्य रहेकातर्फ औंल्याउँदै उनले अहिले मानविकी संकायमा अरू कार्यक्रमको तुलनामा कम विद्यार्थी भर्ना हुने गरेको बताए । यसको समाधानका लागि मानविकीलाई सबै संकाय र कार्यक्रमबाट आउन मिल्ने (मल्टी डिसिप्लिनरी लिवरल आर्ट)का रूपमा पुन:संरचना गरिने जानकारी पनि उनले दिए । शिक्षा संकायका कार्यक्रमलाई पनि सबै विषयबाट प्रवेश गर्न मिल्ने बनाइन उनले बताए ।

केही वर्षयता त्रिविको संरचना ठूलो र भद्दा भएको चर्चा गरिने उल्लेख गर्दै उपकुपति बरालले यसको पुन:संरचनाका लागि आफू तयार रहेको बताए । ‘त्रिविलाई अब विस्तार होइन पुन:संरचनाको खाँचो छ,’ उनले भने ।

उपकुपति प्रा.डा. बरालले त्रिविका शैक्षिक कार्यक्रमहरूलाई उत्पादन र बजारसँग जोड्न आफू लागिपर्ने बताए । देशको मौलिक र रैथाने ज्ञानलाई विश्वविद्यालयको प्राज्ञिक अध्ययन-अनुसन्धानसँग जोड्नका लागि दीर्घकालीन योजना बनाइने जानकारी पनि उनले दिए । ‘तराईका राजवंशी र पहाडका मगरले उत्पादन गर्ने कासवा होस् वा चिउरीका उत्पादनको विकास, विश्वविद्यालयले त्यसतर्फको अध्ययन-अनुसन्धानमा जोड दिने छ,’ उनले भने । साथै हिमाली उपचार पद्धति आम्ची र आयुर्वेदिक अध्ययन-अनुसन्धानका कार्यक्रममा पनि विशेष जोड दिएर उठाइने उनले बताए ।

यसैगरी, देशको विशिष्टताअनुरूप पर्वतारोहणको उच्च शिक्षाका लागि विशेष योजना ल्याइने र विदेशी विश्वविद्यालयसँग ज्ञान आदानप्रदानका कार्यक्रममार्फत अघि बढाइने पनि उपकुलपति प्रा.डा. बरालले बताए । होटल व्यवस्थापनमा अध्ययनसँगै कमाईको अवधारणालाई त्रिवि कार्यक्रमभित्रै समेटेर अघि बढाइने पनि उनले बताए ।

प्रा.डा. बराललाई निवर्तमान कार्यवाहक उपकुपति शिवलाल भुसाललगायत त्रिविका वरिष्ठ कर्मचरी तथा प्राध्यापकहरूले स्वागत गरेका थिए ।

## सूचना

सर्जक मिडिया हाउस प्रा.लि.द्वारा सञ्चालित सूचना विभाग दर्ता नं.३००५/२०७८/०७९ र प्रेस काउन्सिल दर्ता नं.७६०/२०७८/०७९ रहेको मेन डोमेन www.harekpalkokhabar.com नामको अनलाइन पत्रिका यस प्रा.लि. कम्पनीको मिति २०८०/११/०८ गते बसेको संचालक समितीको बैठकले बन्द गर्ने निर्णय गरेको हुदाँ यस अनलाइन पत्रिका सँग सम्वन्धित कसैको बाँकी बक्यौता, स्वामित्व दायित्व, उजुर-बाजुर केही भएमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कम्पनीको ठेगाना जिल्ला काठमाण्डौं तार्केश्वर न.पा.वडा नं.११ स्थित रहेको मुख्य कार्यालयमा सम्पर्क गर्नु हुन भनी यो सूचना प्रकाशन गरिएको छ ।

**सम्पर्क: सर्जक मिडिया हाउस प्रा.लि., मो.नं.९८१३१३७५८९**

# कानुन निर्माण सरकारको उच्च प्राथमिकतामा

**काठमाडौं (प्रस)-** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले संघीयता तथा संविधान कार्यान्वयनका लागि कानुन निर्माण सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन् ।

राष्ट्रिय सभाको आजको बैठकमा ‘मौलिक हक कार्यान्वयनका लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्नेसम्बन्धी’ संकल्प प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले सो कुरा बताएका हुन् ।

मन्त्री गुरुङले उक्त प्रस्तावका सम्बन्धमा यसअघि पनि छलफल भएको र सो सम्बन्धमा प्रधानमन्त्री पुष्पकमल दाहालले नै सरकारकोतर्फबाट धारणा व्यक्त गरिसकेको जानकारी गराए ।

मन्त्री गुरुङले सरकारले संविधान कार्यान्वयनको कार्ययोजना बनाएर कानुन निर्माणलाई प्राथमिकता साथ अघि बढाएको बताउँदै यो सबैको साझा कार्यभार भएको उल्लेख गरे । उनले हालसम्म नयाँ १३१ कानुन, ४६ संशोधन र १३ केही नेपाल ऐन संशोधन गरी १९० ऐन बनिसकेको जानकारी दिए ।

बैठकमा सांसद दिलकुमारी रावल थापा पार्वतीले ‘मौलिक हक कार्यान्वयनका लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्नेसम्बन्धी’ संकल्प प्रस्ताव प्रस्तुत गरेकी थिइन् ।

# आइतबारदेखि देशभर दादुराविरूद्ध खोप अभियान

**काठमाडौं (प्रस)-** सरकारले दादुरा-रुवेलाको संक्रमणको जोखिमलाई दृष्टिगत यही भोलि आइतबारदेखि जाजरकोट र पश्चिमरुकुमबाहेकका ७५ जिल्लामा खोप अभियान सञ्चालन गर्दै छ । अभियानअन्तर्गत काठमाडौं जिल्लाका पाँच लाख ९७ हजार ३०५ जना बालबालिकालाई खोप लगाइने बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा वरिष्ठ जनस्वास्थ्य प्रशासक डा. भुवन पौडेलले जानकारी दिए । उनले ती बालबालिकालाई एक हजार ६७० खोप केन्द्रबाट खोप लगाइने बताए ।

पहिले विद्यालयलाई नै खोप केन्द्र बनाउने र खोपको अन्तिम दिन वडा कार्यालयमा रहेका स्वास्थ्य संस्थामा खोप लगाइने उनले बताए । बिहान १० देखि दिउँसो ४ बजेसम्म खोप अभियान सञ्चालन हुने छ । यस्तै ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिका खोप अभियान सहभागी हुने छन् ।

काठमाडौं महानगरपालिकामा दुई लाख ५० हजार बालबालिका छन् । काठमाडौं जिल्लाका १० स्थानीय तहमा शंखरापुर, कागेश्वरी मनहरा, गोकर्णेश्वर, दक्षिणकाली, नागार्जुन, टोखा, तारकेश्वर, बूढानीलकण्ठ, चन्द्रागिरि र कीर्तिपुरमा फागुन १३ गतेदेखि र काठमाडौं महानगरपालिकामा यही फागुन १६ देखि २९ गतेसम्म खोप अभियान सञ्चालन हुने छ । खोप अभियानमा ३३२ स्वास्थ्यकर्मी र तीन हजार एकजना स्वयंसेवक परिचालन गरिने छ ।

भारतसँग सीमा जोडिएका दादुरा-रुवेलाको अतिसंक्रमित २१ जिल्ला तथा काठमाडौं उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुर गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्षमुनिका र ५१ जिल्लामा नौ महिनादेखि पाँच वर्षमुनिका बालबालिकालाई खोप लगाइने छ ।

काठमाडौं दादुरा-रुवेलाको अतिसंक्रमित जिल्ला हो । यो नौ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई खोप लगाइने छ । गत वर्ष काठमाडौं जिल्लामा दादुरा-रुवेला फैलिँदा २२५ जना संक्रमित र एकजनाको मृत्यु भएको थियो । गत वर्ष १९ जिल्लामा यो महामारीका रूपमा फैलिएको थियो ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIAN FUNG TRADING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ | LT. No. 279366 | चलानी नं. ६०१९४९५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 9 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


## बर्दिवास नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

बर्दिवास, महोत्तरी

### बोलपत्र स्वीकृतीको आशयको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०।११।१२

यस कार्यालयबाट मिति २०८०।०८।१३ मा आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित तपसिलका खरिद ठेक्का सम्बन्धि सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक र PS सहित) |
|---|---|---|---|
| १. | BM/ NCB/ Works/ 2080/081-05 | Babita Nirman Sewa, Lalbandi-17, Sarlahi | रु. ४६५६२९७.८८ |
| २. | BM/ NCB/ Works/ 2080/081-06 | Uni Global Construction Pvt. Ltd, Kathmandu-16 | रु. ९३०७२८६.०० |
| ३. | BM/ NCB/ Works/ 2080/081-07 | Uni Global Construction Pvt. Ltd, Kathmandu-16 | रु. ६३४७७२९.९२ |
| ४. | BM/ NCB/ Works/ 2080/081-08 | Sai Baba Nirman Sewa, Janakpur-7, Dhanusha | रु. ११२६८९५०.५० |

प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

कोशी प्रदेश

विराटनगर, मोरङ्ग

### वोलपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०८०-११-१२)

यस कार्यालयबाट मिति **२०८०**-०९-२९ तथा मिति **२०८०**-१०-२१ गतेको मध्यान्ह दैनिकमा प्रकाशित वोलपत्र आह्वानको सूचना अनुसार **www.bolpatra.gov.np/egp** मार्फत दर्ता भएका वोलपत्रहरु मध्ये तपशिल बमोजिमका वोलपत्र दाताहरुको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.न. | विवरण | छनौट गरिएको वोलपत्रदाताहरु | कवोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Nala Sahit Kalopatre Sadak Balram Mehta Ko Ghar Dekhi Sri Ram Das Ko Ghar Samma Rabi Das Mandir Dekhi Paschim Ko Bato , Barju Ga.Pa -6, Sunsari (Contract No: IDO/MOR/NCB/RW-176/080-81) | M/S DN Nirman Sewa Pvt. Ltd, Gadhi, Sunsari | 17,54,235.92 |
| 2 | Upgrading of Sunyahi-Kabristan-BOP Basantpur Badhari Nagar sadak Nirman, Bhokraha Narsing Ga.Pa, Sunsari (Contract No: IDO/MOR/NCB/RW/RE-133/080-81) | M/S Barahachhetra Nirman Sewa, Barahachhetra, Sunsari | 11,08,036.83 |
| 3 | Upgrading of Hulaki Marga Chapdahi hudai Bhokraha Narsing ko Kali Mandir Rahman okil ko ghar hudai Chirauli jane Sadak Nirmaan, Bhokraha Narsing Ga.Pa, Sunsari (Contract No: IDO/MOR/NCB/RW/RE-134/080-81) | M/S Barahachhetra Nirman Sewa, Barahachhetra, Sunsari | 10,86,407.50 |


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BESTWORK PRECISION SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ | LT. No. 276034 | चलानी नं. ६०१९१६५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 9 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TAY KEE FROZEN FOOD & TRADING SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०४/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ | LT. No. 290419 | चलानी नं. ६०२०५६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 18 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD

Govt.Lic. No- 1168/073/074

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Establishment Sol For Commercial Services

पूर्व स्वीकृति मिति: २०८०/११/११ | LT. No. 300457 | चलानी नं. ६०२१५३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 2 | 0 | 1400 | ४९,६४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 4 | 0 | 1500 | ५३,१८५ | | | | | | | |
| 3 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,५५० | | | | | | | |
| 4 | Waiter | 5 | 0 | 1200 | ४२,५५० | | | | | | | |

कम्पनी : Nahwa Al Sharq Land Transport Company.

पूर्व स्वीकृति मिति: २०८०/११/११ | LT. No. 300456 | चलानी नं. ६०२१५३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 9 | 0 | 1800 | ६३,८२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Pickup Truck Driver | 12 | 0 | 1800 | ६३,८२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JERRY MANAGEMENT SYSTEM Pvt. Ltd. Govt. License 1031/068/69

P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634

Web : www.jerryms.com, Email: jerryms03@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FANG & PAI INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०७/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/११ | LT. No.294777 | चलानी नं. ६०२०९८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BB KAWALAN SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०५/03 | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/११ | LT. No.285561 | चलानी नं. ६०२०१०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 139 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Friendship And Cooperation Recruitment Pvt.Ltd

श्रम ईजाजत नं. १५८९/०७९/०८०

Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647

E-mail: fcmanpower1589@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : COREWORLD SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ | LT No: 294509 | चलानी नं. ६०२०९७४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW DESIGN GARAGE COMPANY FOR CAR REPAIR, POLISHING AND PROTECITON

पुर्व स्वीकृति मिति २०८०/११/११ | LT No. 300515 | चलानी नं.६०२१५३८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 100 | ४३?२१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Constructin Vehicle Driver (Winch Driver) | 4 | 0 | 200 | ८६,४२५ | | | | | | | |
| 3 | Denter | 5 | 0 | 120 | ५१,८५५ | | | | | | | |
| 4 | Painter | 8 | 0 | 120 | ५१,८५५ | | | | | | | |

कम्पनी : GIZELE SWEETS

पुर्व स्वीकृति मिति २०८०/११/०५ | LT No. 300215 | चलानी नं.६०२१५२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 4 | 0 | 100 | ४३,२१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Sales person | 3 | 1 | 135 | ५८,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUPREME OVERSEAS PVT. LTD.

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047

Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

# फिल्म बनाउन जग्गा बेचेका दिवाकर

दिवाकर चलचित्र निर्माण र यही क्षेत्रमा नै आफ्नो भावी जीवन बिताउन चाहन्छन् । धेरै महत्वाकांक्षा छैन उनको, अन्तिम सास रहेसम्म निर्देशनको काम र क्यामरा अगाडि हुन चाहन्छन् ।

▶▶ नरेन्द्र रौले



दिवाकर भण्डारी 'सापटी काका'

'मेरी बास्सै' टेलिशृंखलामा विगत आठ वर्षदेखि आबद्ध छन्, दिवाकर भण्डारी उर्फ 'सापटी काका' । उनले निर्देशन, लेखन तथा अभिनय गर्न थालेको झण्डै दुई दशक नै नाघिसक्यो । २०६१ सालदेखि प्रसारण हुन थालेको 'मेरी बास्सै'ले ८४० भाग पूरा गरिसकेको छ । यस टेलिशृंखलामा दिवाकर २०७२ सालदेखि आबद्ध भएका हुन् । उनले यसै टेलिशृंखलाबाट आफ्नो पहिचान बनाए ।

उनी अहिले वास्तविक नामले भन्दा पनि 'सापटी काका' नामबाट आमदर्शकमाझ परिचित छन् । यसअघि उनले जिरे खुर्सानी, खासखुस, ल खत्तम, माफ पाम्लगायतका चर्चित टेलिशृंखलामा अभिनय गरिसकेका छन् । ल खत्तम र माफ पाममा उनले लेखन, निर्देशन र अभिनय गर्थे । तर, मेरी बास्सैले नै दिवाकरलाई सापटी काकाका रूपमा स्थापित गरायो । यतिबेला उनले आफ्नो घर परिवारको खर्च, आफ्नो व्यक्तिगत खर्च, सन्तानहरूलाई स्कुलमा पढाउने खर्च यसै टेलिसिरियलबाट पाउने पारिश्रमिकले धानिरहेका छन् ।

२०६७ सालतिर पोखराको गण्डकी टिभीबाट 'खिचडी' भन्ने टेलिफिल्म प्रसारण हुन्थ्यो । त्यो पात्रले लगाउने पहिरन माग्ने दाइको जस्तो बनाउनुपर्ने हुन्थ्यो । टेलिफिल्मका लागि अभिनय गर्ने क्रममा उनले आफ्नो नाम आफैंले जुराए । त्यसको स्क्रिप्ट आफैं लेख्ने, आफैंले अभिनय गर्ने गर्थे । त्यहीबाट उनको नाम 'सापटी काका' रहन गयो ।

दिवाकरलाई कलाकारिताको यति मोह छ कि उनले पोखरामा आफ्नो नाममा रहेको घडेरी बेचेर फिल्म बनाए । उनको निर्देशन र लगानीमा बनेको 'मेरी गंगा' फिल्ममा समित केसी, सञ्जु डंगोल, रेखा पुरी, राजेन्द्र नेपाली 'लट्टे' लगायतका कलाकारले अभिनय गरेका थिए । दिवाकर राजेश हमाल र मिथिला शर्मालाई आफ्नो 'आइडल' मान्छन् ।

२०६७ सालमा १६ लाख रूपैयाँमा उनले जग्गा बेचे । बाँकी छ लाख रूपैयाँ थपेर २२ लाख रूपैयाँको लगानीमा बनाएको 'मेरी गंगा'ले नाफा कमाउन सकेन । आर्थिक हिसाबले त्यो डुब्यो । 'अहिले त्यही जग्गा तीन करोड रूपैयाँ पर्छ,' उनी भन्छन्, 'कलाकारितामा नशा लागेर लहलहैमा लागियो त्यो बेला । सबै कुरा जानेको, बुझेको थिएन ।' उनको औपचारिक पढाइ एसएलसीसम्म मात्र हो । २०५३ मा एसएलसी उत्तीर्ण गरेपछि थप अध्ययन गर्न उनीसँग पैसा भएन । २०४६ सालमै बुबा गुमाएका दिवाकरकी ७७ वर्षीया आमा यतिखेर कोमामा छिन् । कलाकारितामा लागेर यहाँसम्म पुग्नुमा आमाकै देन ठान्छन् उनी ।

### चलचित्रमा अभिनय

सापटी काकाले हालसम्म मेरी गंगा, चिनो, कन्यादान, राज, किडन्याप, नबोले नि हाँसिदेऊ, नाइँ नभन्नु ल-२, टु आवर इन् माइ लाइफ, रुम नम्बर १३, छेस्कोलगायतका चलचित्रमा उनले अभिनय गरिसकेका छन् । सडक नाटक, गीति नाटक, एकांकी नाटक, पूर्णांकी नाटकमा विभिन्न भूमिकामा अभिनय गरिसकेका अनुभवी हुन्, दिवाकर ।

### टेलिफिल्मको पहिलो कमाई १०० रूपैयाा

वि.सं. ०५२ सालमा 'धून' नामक टेलिफिल्मबाट दिवाकरको कलाकारिता यात्रा सुरू भएको थियो । उक्त टेलिफिल्म नेपाल टेलिभिजनबाट प्रसारण हुन्थ्यो । यसबाट पारिश्रमिकबापत उनले १०० रूपैयाँ पाएका थिए । उनले ८५ रूपैयाँमा आमालाई लुगा किने । १० रूपैयाँले विन्ध्यबासिनी हलमा निरमाया फिल्म हेरे । बाँकी पाँच रूपैयाँ घर जाँदा बस भाडा तिरे ।

दिवाकरले पोखराको बिग एफएममा रिपोर्टिङ र कार्यक्रम सञ्चालकका रूपमा लामो १२ वर्ष काम गरेका थिए । पोखरामा सापटी काका भनेपछि नचिन्ने कोही थिएन । उनका दुईवटा कार्यक्रम डामाडोल र बिग हल्ला श्रोतामाझ निकै चर्चित थिए । एक घण्टाको कार्यक्रममा २६ मिनेट त विज्ञापन नै बज्ने गर्थ्यो । सिंगो एफएम नै यिनै दुईवटा कार्यक्रमले धानेको अनुभव सुनाउँछन् उनी । त्यो बेलाका फ्यानहरू उनी अहिले पनि भेटिरहन्छन् ।

### निर्देशनको काम सबैभन्दा रमाइलो

दिवाकरलाई निर्देशनको काम सबैभन्दा रमाइलो लाग्छ । लेखन कार्य भने गाह्रो लाग्ने उनी बताउँछन् । अभिनयचाहिँ गरिरहुँ लाग्छ उनलाई । 'आनन्दचाहिँ निर्देशनमै लाग्छ,' उनले भने, 'क्यामराको अगाडि अभिनय गर्दागर्दै मर्न पाए भन्ने लाग्छ ।' उनलाई अरू कुनै कुरामा नशा बसेन, कलाकारिताबाहेक ।

'तपाईंलाई बूढो भएँ भन्ने लाग्छ ?' सापटी काका उर्फ दिवाकरलाई सोधियो ।

'लाग्दैन ।' एक सेकेन्ड पनि ढिलो नगरी उनले जवाफ फर्काए ।

'काम गर्न समस्या छैन । बाँचुन्जेल काम गरिरहने हो,' उनले थपे, 'अरूको भर पर्न नपरोस् भन्ने लाग्छ ।'

एक एपिसोडमा प्रसारण हुने विषयवस्तु उनले एक दिनमै लेखिसक्छन् । ४० मिनेटका लागि चाहिने स्क्रिप्ट एकै दिनमा लेखिसक्छन् । उनले समसामयिक सामाजिक विषयवस्तुमाथि कथा लेख्ने गर्छन् । त्यो सुनेर, हेरेर दर्शक श्रोताहरूको राम्रो प्रतिक्रिया आउँछ । विदेशमा बस्ने नेपालीहरूले बढी टेलिसिरियल हेर्ने गरेको उनी बताउँछन् ।

दिवाकरलाई कलेज पढ्न नपाएकोमा पछुतो लाग्छ । पढ्न चाहँदाचाहँदै पनि आर्थिक अवस्थाले गर्दा पढ्न नपाएकोमा सम्झँदै दुःखी हुन्छन् । उनका छोरा संगम ३ कक्षा र छोरी शिवानी ५ कक्षामा पढिरहेका छन् । आफ्ना सन्तानलाई १२ कक्षासम्म पढाएपछि स्वतन्त्र छोड्न चाहन्छन्, उनी । आफूले पढ्न चाहेको विषय रोजुन्, आफूले रोजेको पेसा गरून् भन्ने लाग्छ ।

कलाकारितामा आउन चाहने युवा पुस्तालाई दिवाकरको सुझाव छ, 'कलाकारिताबारे बुझेर, जानेर आउनुपर्‍यो । लेखन, निर्देशन, अभिनयको कक्षा लिएर आउँदा राम्रो हुन्छ ।'

उनको बुझाइमा देशमा सम्भावना प्रशस्त छन् । ती सम्भावनालाई अँगाल्न हरेक क्षेत्रमा अतिरिक्त ट्यालेन्ट (प्रतिभा) हुनुपर्नेमा उनको जोड छ । दिवाकर नेपालमै बस्नुपर्छ भन्ने मान्यता राख्छन् । विदेशमा कयौं नेपालीले दुःख पाएका, समस्या भोगेका सुन्दा विदेश जान उनलाई मन लाग्दैन । राजनीतिकर्मी र युवाहरूलाई उद्यमशीलतामा लाग्न उनी सल्लाह दिन्छन् । नेपालमा श्रमको मूल्यांकन हुन नसककोमा भने दिवाकरलाई दुःख लाग्छ । राजनीतिकर्मीले युवाहरूका लागि विशेष योजना ल्याउनुपर्नेमा उनी जोड दिन्छन् । नेपालमा हरेक क्षेमा प्रशस्त अवसर उनले देखेका छन् । स्वास्थ्य र शिक्षा सरकारले निःशुल्क गर्ने हो भने विदेश पलायन हुनेमा उनी विश्वस्त छन् ।


### समाजसेवामा दिवाकर

समाजसेवाको भावबाट प्रेरित दिवाकरले पाँच जना अनाथ विद्यार्थीको पढाइ खर्च बेहोरिरहेका छन् । कास्कीका विभिन्न तीनवटा स्कुलमा उनले ती बालबालिकालाई पढाइरहेका छन् । उनले विद्यालयको शुल्कका साथै बालबालिकाहरूलाई आवश्यक लत्ता कपडा, स्टेसनरी सामान, स्कुल ड्रेसलगायत सहयोग गर्दै आएका छन् । विगत पाँच वर्षयता भूकम्पप्रभावितका सन्तान, सुस्त मनस्थिति भएका बाबुआमाका सन्तान, गरिब तथा जेहेन्दार, दलितलाई उनले पढाएका छन् । आफूले एसएलसीपछि पढ्न नपाउँदाको पीडा उनले राम्ररी बुझेका छन् । स्कुल पढ्दा पेटभरि खान पाइँदैनथ्यो । आर्थिक अभावले उच्च शिक्षा हासिल गर्न पाइएन । यही पीडालाई बुझेर उनले अभावमा रहेका बालबालिकालाई सहयोग गरिरहेका हुन् ।

दिवाकर चलचित्र निर्माण र यही क्षेत्रमा नै आफ्नो भावी जीवन बिताउन चाहन्छन् । 'क्यामराको अगाडि निर्देशन गर्दागर्दै, काम गर्दागर्दै मर्न चाहन्छु । धेरै महत्त्वाकांक्षा छैन,' उनले आफ्नो योजना सुनाए ।

# अनि फेरियो साँखगाउँको मुहार

▶▶ बलबहादुर ओली (बलेन्द्र)



रुकुम पश्चिमको जिल्ला सदरमुकाम नजिकै रहेको छ, साँखगाउँ । यस गाउँमा पापिनी मेला लाग्ने भएकाले पनि साँखगाउँ अझ परिचित छ । माथिपट्टि अग्ला भिरपहरा अनि बीच भाग हुँदै रुकुम पूर्व जोडिएको मध्यपहाडी लोकमार्ग छेवैमा छ साँखगाउँ । मध्यपहाडी राजमार्गको माथिपट्टिको गाउँलाई 'माथिगाउँ' भनिन्छ भने तल्लो गाउँलाई 'तलिगाउँ' भनिन्छ । परम्परागत शैलीमा ढुंगा, माटो तथा खरको छानाले निर्माण गरिएका घर साँखगाउँमा देख्न सकिन्छ ।

विकासक्रमसँगै पछिल्लो समय गाउँमा सरिया, सिमेन्ट प्रयोग गरेर पक्की घरहरू निर्माण पनि भइरहेका छन् । यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकलाई टम्म मिलेका घरहरू र गाउँको बीच भागमा रहेको दह, अनि मध्यपहाडीदेखि आधा घण्टाको दूरीमा उकालो हिँडेपछि पुगिने ठूली दहले जो कोहीलाई आकर्षित गर्छ । यस दहमा हरेक वर्ष माघ १५ गते राति पापिनी मेला लाग्ने गर्छ । मेलामा पालोअनुसार नाट्य रूपमा एक साल माथि गाउँबाट र अर्को साल तलिगाउँबाट किशोरकिशोरीबीच विवाह हुन्छ । अनि पापिनी मेला सम्पन्न हुन्छ । यो परम्पराले साँखगाउँलाई थप प्रचारमा सहयोग पुर्‍याएको छ ।

मध्यपहाडी छेवैमा रहेकाले मानिसहरू साँखगाउँ र दह अवलोकन गर्न आउने गर्दछन् । साँखगाउँमा झण्डै ३५० घर रहेका छन् । यहाँ विशेषगरी गहुँ, जौ र मकै राम्रो उत्पादन हुने गरेको छ । यहाँका नागरिकको मुख्य पेसा भनेको कृषि, पशुपालन र व्यापार-व्यवसाय नै हो । पछिल्लो समय मध्यपहाडी राजमार्ग सञ्चालनमा आएसँगै घरघरै व्यापार-व्यवसाय गर्ने व्यक्तिको संख्या पनि बढेको छ ।

रुकुम पश्चिमको पूर्व भूभागमा पर्ने साँखगाउँ जिल्ला सदरमुकाम मुसिकोट खलंगाबाट नजिकै पर्छ । मुसिकोट नगरपालिका-७ मा अवस्थित साँखगाउँ मध्यपहाडी राजमार्गले सुगम मात्र बनाएको छैन, आर्थिक रूपमा पनि सहज बनाएको छ । केही दशकदेखि पहिले दुर्गमको महसुस गरिरहेको साँखगाउँको मुहार अहिले फेरिएको छ । यसको मुख्य कारण जिल्ला सदरमुकाम नजिक हुनु र मध्यपहाडी राजमार्ग सञ्चालनमा आउनु हो ।

मध्यपहाडी राजमार्ग साँखमा नजोडिँदासम्म जिल्ला सदरमुकाम खलंगा पुगेर राप्ती राजमार्ग हुँदै काठमाडौं जानुपर्ने बाध्यता थियो । अहिले भने घर छेवैबाट मध्यपहाडी राजमार्ग हुँदै काठमाडौं पुग्न सकिने स्थानीय विकास पाण्डेले बताए । राप्ती राजमार्ग सल्यान-दाङ हुँदै काठमाडौं जाने दूरी लामो भएकाले बसमा दुई दिनसम्म समय लाग्थ्यो, मध्यपहाडीबाट भने रुकुम पूर्व-बागलुङ-पोखरा हुँदै काठमाडौं एक दिनमा पुग्ने गरेको उनले सुनाए ।

मध्यपहाडी राजमार्ग सञ्चालन नहुँदासम्म रुकुम पश्चिम र रुकुम पूर्वका नागरिक काठमाडौं जानका लागि राप्ती राजमार्ग सल्यान दाङ हुँदै जानुपर्ने बाध्यता थियो । अब भने रुकुम पश्चिमका दूरी छोटो हुने र छिट्टै पुगिने भएकाले मध्यपहाडी राजमार्गको यात्रा गर्न मन पराउँछन् । सडक यातायातको पहुँचसँगै यहाँ चहलपहल बढेको छ । विकास निर्माणले गति लिएको छ । गाउँमा पक्की भवन बन्न थालेका छन् । परम्परात शैलीबाट निर्माण गरिएका घरहरू भने बिस्तारै लोप हुने अवस्था छन् ।

> सडक यातायातको पहुँचसँगै यहाँ चहलपहल बढेको छ । विकास निर्माणले गति लिएको छ । गाउँमा पक्की भवन बन्न थालेका छन् । परम्परात शैलीबाट निर्माण गरिएका घरहरू भने बिस्तारै लोप हुने अवस्था छन् ।

एक दशकभित्र आएको परिवर्तन देखेर स्थानीय ८० वर्षीय पूर्णबहादुर बुढा अचम्म मान्छन् । एक दशक पहिलेसम्म कल्पना नै गर्न नसकिने घर अगाडिबाटै बस गुड्दा बुढालाई अचम्म लागेको छ । 'वि.सं. २०६२/६३ तिर दैनिक उपभोग्य सामग्री ल्याउनका लागि एक महिना पैदल हिँडेर दाङको कोइलावास, नेपालगञ्जलगायत ठाउँबाट घरमा उत्पादन भएको घिउ बिक्री गरेर नुन, चामल उपभोग गर्नुपर्ने अवस्था थियो । अहिले त पैसा भएपछि घरभित्रै खाद्यान्न सामग्री आइपुग्छ । यस्तो सुविधा हाम्रो पालामा आउला भन्ने लागेको थिएन,' बुढाले भने । पहिले दाङ नेपालगञ्ज गएर गाडी देखिएको स्मरण गर्दै आजभोलि घरछेवैमा गाडी गुड्दा खुसी लागेको उनले सुनाए ।

'पहिले मीठो खान दसैं तिहार पर्खिनुपर्थ्यो, अहिले त दिनैपिच्छे आफूलाई जे खान मन लाग्छ गाउँमै पाइन्छ, पहिले त्यस्तो थिएन दालभात खान पनि दसैं तिहार पर्खिनुपर्थ्यो,' स्थानीय ६५ वर्षीया मनकला थापाले भनिन् । पछिल्लो समयको विकास देखेर उनी पनि खुसी छिन् । आफ्नो पालामा भोग्नुपरेका समस्याका बारेमा युवालाई बताउने गरेको र आजको विकास निर्माणले केही हदसम्म जनजीवनमा परिर्वतन ल्याएको थापा बताउँछिन् ।

साँखगाउँ जिल्ला सदरमुकाम नजिक रहेकाले पनि शिक्षा, स्वास्थ्य र अन्य विकास निर्माणसँगै पर्यटकीय हिसाबले पनि जोडिन थालेको छ । गाउँमै माध्यमिक तहको पढाइ, गाउँमै स्वास्थ्य एकाइ केन्द्र, सुरक्षाका हिसाबले गाउँमै प्रहरी चौकीले पनि यहाँका नागरिकलाई सहज भएको छ । प्रशासनिक कामका लागि जिल्ला सदरमुकाम आउनुपर्‍यो भने पनि आधा घण्टामा जिल्ला सदरमुकाम पुगिन्छ । गाउँमै अटोरिक्सा सञ्चालन भएकाले गाडी पर्खिनुपर्ने समस्या पनि स्थानीयलाई छैन ।

शिक्षा, स्वास्थ्यलगायत विकासका पूर्वाधारले हिसाबले साँखगाउँ अगाडि बढेको छ । विद्युतीकरणका हिसाबले पनि साँखगाउँ केन्द्रीय लाइनको पहुँचमा रहेको छ । व्यापार-व्यवसाय गर्न सके गाउँमै आर्थिक समृद्धि हासिल गर्न सकिने हुँदा युवा विदेश पलायन रोक्न सकिने उनको भनाइ थियो । साँखगाउँमा खाद्यान्नबाली गहुँ, जौ, मकैबाहेक तरकारी खेती पनि राम्रो हुने गरेको छ । गाउँमा उत्पादन भएको तरकारी बिक्री गर्न बजारको समस्या नरहेको वडाध्यक्ष एक्कबहादुर पाण्डेले बताए । बजारीकरणका लागि सडक सञ्जालले पनि ठूलो सहयोग पुर्‍याएको छ ।

यहाँका स्थानीयको गाई, भैंसी, बाख्रा, कुखुरापालन र कृषि पेसा नै मुख्य आयस्रोत हो । मध्यपहाडी राजमार्गले यहाँको जनजीवन परिर्वतन गर्न ठूलो भूमिका खेलेको छ । राजमार्गकै कारण साँखमा रहेका पर्यटकीय ठाउँको पनि प्रचारमा सहयोग पुगेको वडाध्यक्ष पाण्डेले बताए । साँखगाउँलाई पर्यटकीय हिसाबले अझ व्यवस्थित गर्न मुसिकोट नगरपालिका र वडा कार्यालय लागिपरेको उनले बताए । 'साँखगाउँलाई पर्यटकीय 'हब'का रूपमा विकास गर्न, साँख दह संरक्षण तथा भौतिक संरचना निर्माणमा निरन्तर लागिरहेका छौं । यस क्षेत्रमा पर्यटक भित्रचाइ गाउँलाई आर्थिकरूपमा समृद्ध बनाउने हाम्रो योजना छ,' उनले भने ।

दहमा लिफ्टिङ प्रविधिमार्फत पानी ल्याई डुंगा सञ्चालन र माछापालन गरी यहाँको आर्थिक विकास गर्ने वडाको योजना छ । 'पर्यटन प्रवर्द्धनका लागि साँख दहबाट दुलीदसम्म केबलकार सञ्चालन गर्ने पनि योजना रहेको छ, केही वर्षमै योजना पूरा गर्छौं र यहाँका स्थानीयलाई आर्थिक रूपान्तरमा जोडछौं,' वडाध्यक्ष पाण्डेले भने । दहलाई संरक्षण गर्न मुसिकोट नगरपालिका पनि लागिपरेको छ । गत वर्षमात्र दह संरक्षणका लागि संघीय सरकारबाट प्राप्त ससर्त अनुदानको ५४ लाख रूपैयाँमा दहको चारैतिर पदमार्ग निर्माण, रेलिङ, प्रतीक्षालय र द्वार निर्माण गरिएको थियो । *रासस*

# गरिबीले रुस पठायो, युद्धले ज्यान लियो

**ढोरपाटन (बागलुङ)-** बागलुङको ताराखोला गाउँपालिका-२ सिले गाउँका ३६ वर्षीय जीतबहादुर विक असोज ११ गते रोजगारीका लागि रुस पुगे । रुस पुगेको पाँच महिनामै घरमा मृत्युको खबर आयो । जीतबहादुरको मृत्युको खबरले सिंगो गाउँ नै यतिबेला दुःखमा छ । सामान्य परिवारका जीतबहादुरले लामो समय गाउँमा गाडी चलाए । गाडी चलाउनेबाहेक उनीसँग अन्य सीप थिएन । व्यवसाय गर्नलाई परिवारको आर्थिक अवस्था नाजुक थियो । गाडी चलाएर परिवार पाल्न नसकेपछि धन कमाउने आश बोकेर जीतबहादुर रुस पुगेका थिए । रुस पुगेर रुसी सेनामा भर्ती भएका विकको बाबाआमा र श्रीमतीसँग निरन्तर सम्पर्क हुन्थ्यो ।

गत माघ १५ गते जीतबहादुरको श्रीमती विष्णु विकसँग सामान्य कुरा भयो । त्यस दिन उनले श्रीमतीसँग पहिले जसरी कुरा गरे । जीतबहादुरले आफ्नो साथीको फोनबाट विष्णुलाई कल गरेका थिए । पहिलेजस्तो कुरा नगरेपछि विष्णु आत्तिएर निरन्तर कल गरी राखिन् । अन्ततः फोन जीतबहादुरले नउठाएर उनको साथीले उठाए । फोनमा जीतबहादुर सामान्य घाइते भएको खबर विष्णुलाई आयो । विष्णु झसंग भइन् । उनलाई कतिबेला आफ्ना पतिलाई भेट्ने भन्ने भयो । तर त्यो सम्भव थिएन । घाइते जीतबहादुरको केही दिनपछि मृत्युको खबर आयो । उनको मृत्यु भएपछि छोराछोरी र श्रीमतीको विचल्ली बनेको छ ।

आर्थिक अवस्था निकै कमजोर रहेको विक परिवारमा अहिले बज्रपात नै परेको छ । खेती किसानी गरेर परिवार चलाउँदै आएकी जीतबहादुरकी पत्नी विष्णुले विदेशमा गएको श्रीमान्ले कमाएर ल्याउलान र छोराछोरीले मिठो मसिनो खुवाउँला र राम्रो लुगा लगाउलान् भन्ने आशा गरेकी थिइन् । तर अब त्यो आशा कहिल्यै पूरा नहुने भयो । बुधबारमात्रै जीतबहादुरको मृत्युको खबर आएपछि परिवारले गाउँमा कुशको शव बनाएर अन्त्येष्टि गरेको छ । विदेश जानेबेला राम्रो कमाई हुने ठाउँमा जान्छु भन्दै हिँडेका श्रीमान् अब कहिल्यै फर्कन्न भन्ने सुनेपछि विष्णु मुर्छा परिन् ।

'विदेश जाने बेलामा मेरो चिन्ता नगर, अहिलेको जस्तो दुःख गर्न पर्दैन भन्नुभएको थियो, मैले पैसा पठाए भने ऋण तिरौंला भन्नुहुन्थ्यो, '२५ देखि ३० लाख रूपैयाँसम्म ऋण छ, अब कसरी तिर्ने ? छोराछोरी कसरी पढाउने ?,' विष्णुले भनिन्, 'मैले उनको अन्तिम बोली माघको १५ गते सुनेको हुँ, त्यतिखेर अन्य बेलाको जस्तो कुरा भएन, बोली पनि अर्कै थियो, आफ्नो साथीकोबाट फोन गरेका थियो, छोटो बोलेर फोन काट्नुभयो, म आतालिएर फोन गरिरहेँ, पटकपटक फोन गरेपछि उहाँको साथीले फोन उठाउनुभयो, मेरो परिवारलाई घाइते भएको कुरा नभन्नु भनेर साथीलाई भन्नुभएको रहेछ, धेरैपछि मात्रै घाइते भएका उनको साथीबाट थाहा पाएँ ।'

जीतबहादुरकी आमा धनकुमारी विकले कात्तिक पहिलो साताको बोली नै अन्तिम भएको बताइन् । विदेश जानेबेला धेरैले त्यो देशमा जान नहुने भने पनि केही समय दुःख गरेर फर्किन्छु भन्दै गएको धनकुमारीको भनाइ छ । कात्तिकमा फोन गरेर मलाई र बुबालाई स्वास्थ्यको ख्याल गर्न आग्रह गर्दै केही समयमा पैसा पठाइदिने आश्वासन दिएका जीतबहादुरले त्यसपछि न फोन गरे, न पैसा पठाए । छोरोको मृत्युले घर नै अन्धकार भएको धनकुमारी बताउँछिन् । आफू लामो समयदेखि कान्छो छोरासँग बुटवलमा बस्दै आएको सुनाउँदै घरको आर्थिक अवस्था निकै कमजोर हुँदा छोरो विदेशिन बाध्य भएको उनको भनाइ छ ।'

'धेरैले नराम्रो छ, त्यो ठाउँमा जान हुँदैन भन्थे, गाउँमा रोजगार भएन, बारीमा काम गरेर खान नपुगेपछि विदेश गयो, विदेश गएको केही दिनपछि म आए आमा मेरो पीर नगर्नु भनेर फोन गरेको थियो, उसले कमाई राम्रो छ भन्थ्यो, दुई महिनामा १० लाख दिन्छ भनेको छ, पैसा पाएँ भने पठाइदिन्छु भन्थ्यो,' धनकुमारीले रुँदै भनिन्, 'चाहिएजतिको सामान किन्नुहोला, धेरै चिन्ता नगर्नु बूढी, आफ्नो र बाबाको ख्याल गर्नु भन्थ्यो, अहिले आफैं रहेन, गाउँमा हुन्थ्यो भने जसरी भए पनि मुख देख्न पाउँथे, अब मेरो बाबुको अनुहार कसरी हेरूँ ?'

मृतक जीतबहादुरको १० वर्षीय छोरा र १२ वर्षकी कान्छी छोरी छन् । जेठी छोरीको विवाह भइसकेको छ । विकको आर्थिक अवस्था निकै कमजोर हुँदा ताराखोला गाउँपालिकाले जनता आवास कार्यक्रमअन्तर्गत तीन वर्ष अगाडि घर बनाइदिएको थियो । दुई भाइमध्ये कान्छो थमबहादुर विक भने हाल पोर्चुगल छन् । विक रुस जानुभन्दा पहिले साउदी र कतारमा पनि पुगेका थिए । ताराखोला गाउँपालिका-२ का अध्यक्ष भद्रबहादुर घर्तीले जीतबहादुर सानैदेखि निकै मेहनती, मिलानसार र सलर स्वाभावको रहेको भन्दै गरिबीका कारण विदेशिन बाध्य भएको बताए ।

मुख्य जिम्मेवार व्यक्तिको मृत्यु भएपछि परिवारको विचल्ली भएको अध्यक्ष घर्तीको भनाइ छ । उनले जीतबहादुरको मृत्युको खबर बुधबारमात्रै आए पनि माघ २० गते नै भएको बताए । युद्धका क्रममा घाइते भएर अस्पताल उपचार गर्दै गर्दा जीतबहादुरको मृत्यु भएको विदेश पठाउने एजेन्टले जानकारी गएको घर्ती बताउँछन् ।

अध्यक्ष घर्तीले भने, 'निकै दुःखद् घटना भयो, यो घटनाले सिंगो गाउँलाई दुःखी बनाएको छ, उहाँ निकै शालीन हुनुहुन्थ्यो, गाउँमा हुँदा पनि निकै मेहनत गर्नुहुन्थ्यो, केही वर्ष गाडी पनि चलाउनुभयो, त्यसबाट परिवार चलाउन नसकेर होला विदेश जानुभयो, विदेश गएको केही समयमै यस्तो दुःखद् खबर आयो ।' *रासस*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LUKMA ALAFIYA RESTAURANT CO

पूर्व स्वीकृति मिति २०७९/०४/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ | LT. No. 267808 | चलानी नं. ६०१८३७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 85 | ३६,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Motorcycle Driver | 15 | 0 | 130 | ५६,१७५ | | | | | | | |

कम्पनी : ROY RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०८०/०४/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ | LT. No. 290499 | चलानी नं.६०२०५७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vechicle Driver | 3 | 0 | 135 | ५८,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter / Waiteress | 3 | 5 | 120 | ५१,८५५ | | | | | | | |

कम्पनी : DEVA NATIONAL HEALTH INSTITUTE FOR WOMEN

पूर्व स्वीकृति मिति २०८०/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ | LT. No. 287306 | चलानी नं. ६०२०२६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 22 | 100 | ४३,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 0 | 2 | 130 | ५६,१७५ | | | | | | | |

कम्पनी : AL-ARF NATIONAL CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति २०८०/११/१० | LT. No. 300424 | चलानी नं. ६०२१५३३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 10 | 12 | 90 | ३८,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FOLIO GREEN HOUSE RESTAURANT CO.

पूर्व स्वीकृति मिति २०८०/०७/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ | LT. No. 294805 | चलानी नं. ६०२०९८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 0 | 3 | 160 | ६९,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Coffee Maker | 0 | 5 | 130 | ५६,१७५ | | | | | | | |
| 3 | Hostess | 0 | 5 | 130 | ५६,१७५ | | | | | | | |
| 4 | Waitress | 0 | 5 | 130 | ५६,१७५ | | | | | | | |

कम्पनी : UNDER THE DRYER LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/१० | LT. No. 300425 | चलानी नं. ६०२१५३३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chairdresser/nail Technician/manicure/pedivure/salo | 0 | 10 | 150 | ६४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL

Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAWYAT AL-AFKAR EST FOR GENERAL CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/०९/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ | LT. No. 296801 | चलानी नं. ६०२११८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 1 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CROSSROADS TRANSPORTATION CORPORATION

पुर्व स्वीकृति मिति २०८०/११/११ | LT. No. 300495 | चलानी नं. ६०२१५३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 1 | 0 | 1500 | ५३,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम इजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal

Tel: 01-5451901, Fax: 977-1-5542407

Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com

Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF NATIONAL COLLEGES

पूर्व स्वीकृति मिति २०८०/११/१० | LT. No. 300389 | चलानी नं. ६०२१५३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Cleaner | 1 | 0 | 1200 | ४२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Govt. License 387/059/060

Paradeshi Overseas Services Pvt. Ltd.

Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal

Tel: +977 1 4418252, Fax: +977 1 4480765

Email: paradeshiservices@gmail.com

Website: www.paradeshioverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OCEANCASH NONWOVEN SDN BHD

पूर्व स्वीकृति मिति २०८०/११/१० | LT. No.300316 | चलानी नं. ६०२१५३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 9 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम इजाजत नं. ९७३/०६७/०६८

MIDDLE ORBIT OVERSEAS PVT. LTD.

Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal

Telphone No: +977-1-4387902 Fax No. +977-1-4389051

E-mail: middleorbit@gmail.com Website: middleorbitoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YONG HUAT ENGINEERING

पुर्व स्वीकृति मिति २०७९/०६/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/११ | LT. No. 273301 | चलानी नं.६०१८९४७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : U-STAR MARKETING SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/११ | LT. No. 290165 | चलानी नं.६०२०५५२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 45 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Himalayan Human Resources Nepal Pvt. Ltd.

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,

E-mail : hrnhimalayan@gmail.com

Website : www.hrnhimalayan.com

श्रम इजाजत नं. ४५१/०६०/०६१


## कम्पनी, उद्योग दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति: २०८०/११/१२

कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको प्रा. लि. नं. ७९०४०/२०६७।०९।१८ को **गल्फा इम्प्लाईमेन्ट सर्भिसेज प्रा लि** को मिति २०८०।११।०७ गतेमा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनी संग कोही कसैलाई कुनै किसिमको लेनदेन वांकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा सर्म्पक गरी हकदावी गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको खारेजीको प्रकृया अगाडी बडाइ दर्ता खारेजी गरिने छ ।

**लिक्वीडेटर राधाकृष्ण भण्डारी**
**इजाजत पत्र नम्बर: ५७६**
**ठेगाना : बुढानिलकण्ठ .न.पा.०३, काठमाडौं**
**फोन नम्बर: ९८५१०८७८९७**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SHAMS ALWAFA HOSPITALITY SERVICES CO. LLC

पूर्व स्वीकृति मिति २०८०/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/११ | LT. No.288940 | चलानी नं. ६०२०४२८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 40 | 1300 | ४७,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १३ गते (25th Feb. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



OZONE OVERSEAS SERVICE PVT. LTD.

Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795

E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम इजाजत नं. ४४८/०६०/०६१

## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : 365 SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०८०/११/११ | LT. No. 300470 | चलानी नं. ६०२१५३६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४३,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAMKEEN HUMAN RESOURCE

पूर्व स्वीकृति मिति २०८०/११/११ | LT. No. 300471 | चलानी नं. ६०२१५३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 74 | 0 | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Mass Human Resource Pvt. Ltd.

(ISO Certified Ethical Recruitment Company)

SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591

Govt. License 938/067/068


## मोटरसाइकल हराएको सूचना

मिति २०८०/११/०९ गते काठमाडौं, बसुन्धारा स्थित पार्किङ गरिराखेको अवस्थामा Pulsar 220 FABS sparkle met blk red रंगको मोटरसाइकल साँझ ७ बजेको पेरीफेरीमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

कम्पनीको नाम : हुलास फिन सर्भ लिमिटेड
ऋणीको नाम : भुपाल विश्वकर्मा
बाइक नं.: बा .प्र.०२-०४८ प ७८१२
च्यासिस नं.: MD2A13EXONCM 86057
इन्जिन नं. : DKXCNM 40317
ठेगाना: काठमाडौं
सम्पर्क: ९८५१३५६५४१

## मोटरसाइकल हराएको सूचना

रणकालीका कन्स्ट्रक्सन प्रा.लि को नाममा रहेको निम्न ब्योहोरा रहेको मोटरसाइकल मिति २०८०।११।०७ गते धादिङ जिल्ला गजुरी गा.पा ०७ किराञ्चोक बिमिरेमा घर पार्किङ गरेको अवस्थाबाट राती ११:०० तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार - Pulsar 220 CC
बाईं नं. Bagmati Province -02-020-PA0170
चेसिस नं. MDLA13EXSLCF82752
इन्जिन नं. DKXCLF33795
रङ्ग - Black, Blue
सम्पर्क - 9841638509

## सुनवर्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
डाइनिया, मोरङ्ग
कोशी प्रदेश

## प्राविधिक प्रस्तावको आशय पेश गर्ने सूचना

प्रकाशित मिति: २०८०।११।११

यस कार्यालयद्वारा मिति २०८०/०९/२७ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) को नियम ३१ (ङ) को उपनियम ४ बमोजिम सारभूत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सोही नियमावलीको नियम ३१ (ङ) को उपनियम ५ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|
| 1 | SUNMUN/ROAD/080/81-08 | Maldaiya Sikti sadak kalopatre nirantarta | **M/S Baral/Aashrika J.V.**, Biratnagar-07, Morang, **Aniko Construction P. Ltd**, Biratnagar-05, Morang, **Joshila Nirman Sewa Pvt. Ltd.**, Biratnagar-13 Morang र **MS Kanepokhari/Sunaawarsi JV**, Kanepokhari-05, Morang | 2080/11/20 (March 03, 2024) at 11:00 Place : Sunawarshi Minicipality, Dainiya Morang |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक

रूपशाला

## अभिनेत्री थापालाई पुत्रीलाभ

अभिनेत्री रेखा थापालाई पुत्रीलाभ भएको छ । अभिनेत्री रेखाले आफूलाई पुत्रीलाभ भएको जानकारी दिएकी छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत् उनले आफूलाई पुत्रीलाभ भएको जानकारी दिएकी हुन् । अमेरिकामा छोरीलाई जन्मदिएकी उनले नवजात छोरीको नाम वैभबी राज्यलक्ष्मी शाही ठकुरी राखेको उल्लेख गरेकी छन् । 'हेर आकाशमा कालो बादल वरिपरी चादिको घेरा छ, हेर धर्तीमा तिमी जन्मनको महान कारण छ । वैभबी राज्यलक्ष्मी शाही ठकुरी', उनले लेखेकी छन् । उनले अमेरिकास्थित कोलोराडोको एक अस्पतालमा शुक्रबार पहिलो सन्तानको रूपमा छोरीलाई जन्म दिएकी हुन् ।



शनिबार १२, फागुन २०८० (Saturday, February 24, 2024)

# 'कमेडी च्याम्पियन' लिएर दर्शकमाझ जाँदै 'महाजात्रा'

■ प्रभाव संवाददाता




**काठमाडौं–** यसवर्षको प्रतिक्षित नेपाली फिल्म 'महाजात्रा' निर्माण समुहले 'महाकमेडी यात्रा' गर्ने भएको छ । निर्माण समुहले यसबारे जानकारी दिदै उक्त फागुन २१ देखि दुई चरणमा हुने जानकारी दिएको छ ।

'हामीले फिल्मको प्रदर्शन अगाडि मोफसलका विभिन्न सहरमा पुगेर दर्शक भेटघाट गर्न लागेका हौं । दर्शकसँग साक्षात्कार गर्दा हामीसँग रियालिटी शोमार्फत उदाउनुभएका कमेडियनसँगै हाम्रो फिल्मका कलाकारहरू हुनुहुनेछ', निर्माता म्याक्स दीपेश खत्रीले बताए । उनका अनुसार फिल्मका तर्फबाट अभिनेता हरिवंश आचार्य, विपिन कार्की, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, राजाराम पौडेल, अभिनेत्री वर्षा राउत उक्त भ्रमणमा हुनेछन् ।

'महाकमेडी यात्रा' २१ गते पोखराबाट सुरु भई २२ गते बुटवल, २५ गते धनगढीमा हुनेछ । यसको दोस्रो चरण फागुन ३० गते विर्तामोडबाट सुरू भई १ गते इटहरी, ३ गते हेटौडा र ४ गते नारायणगढमा विभिन्न प्रस्तुती हुनेछ ।

भ्रमणमा अभिनेत्री दीपाश्री निरौला, कमेडियन सुमन कार्की, मेक्सम गौडेल, कैलाश कार्की, सजन श्रेष्ठ, सुमन कोइराला, प्रभात लामा, सन्तोष थापासँगै कमेडी च्याम्पियनको तेस्रो सिजनका प्रतियोगीले तयार गरेका विभिन्न प्रस्तुतीमार्फत रोड शोमा दर्शकलाई मनोरञ्जन दिनेछन् ।

'हामीले फिल्मको प्रचारप्रसारका लागि काठमाडौं झैं मोफसलमा पनि उत्तिकै गतिविधि गर्ने गरेका छौं । त्यसैले यसपटक हामीसँगै दर्शक माँझ लोकप्रिय पछिल्लो पुस्ताका कमेडियनलाई लिएर दर्शकलाई भेट्न उहाँकै सहरमा पुग्दैछौं', निर्माता खत्रीले भने ।

निर्देशक प्रदीप भट्टराईले लेखन तथा निर्देशनमा 'जात्रा' र 'जात्रै जात्रा' को व्यावसायिक र समीक्षात्मक सफलतापछि तयार भएको तेस्रो शृफ्ला 'महाजात्रा' हो । 'जात्रा' शृफ्लाकै कलाकारहरू विपिन कार्की, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, वर्षा राउत, अरविन खड्का, राजाराम पौडेलसँगै यसपटक अभिनेता हरिवंश आचार्य थपिएका छन् ।

यसपटक पैसा व्यवस्थापन गर्दा आइपर्ने समस्यानै फिल्मको कथा रहेको छ । तीन पात्रले पैसालाई लुकाउन खोज्दा विभिन्न परिस्थितिको सामना गर्छन् । जीवन समृद्ध तुल्याउने सपना र आपतकालीन रूपमा प्राप्त हुने अवसर व्यवस्थापन गर्दा आइपर्ने समस्यालाई रोचक रूपले प्रस्तुत गरिने फिल्ममा हासो र रोदनको मिश्रण छ । अर्गानिक र यथार्थलाई प्रस्तुत गरिएकै कारण यो शृफ्ला दर्शकको प्रिय बनेको छ ।

यसले नेपाली फिल्मले अन्तर्राष्ट्रिय बजारमार्फत पाउने सर्वाधिक रकम पाईसकेको छ । कथा लेखनकै क्रममा 'महाजात्रा' को बनेको ब्राण्डको कारण भारत बाहेकको विदेश प्रदर्शन अधिकार एमएसएम इन्टरटेनमेन्टका लागि छत्र थापाले खरिद गरिसकेका छन् । उनले नेपालसँगै फिल्म आगामी चैत ९ गते नेपालसँगै विश्वभर एकसाथ प्रदर्शन हुने बताए । फिल्ममा हरिवंश आचार्य, विपिन कार्की, रविन्द्रसिंह बानियाँ, रविन्द्र झा, वर्षा राउत, अर्जुन जंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, प्रवीण खतिवडा, दिव्यदेव, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्का लगायतको अभिनय रहने छ । फिल्ममा म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल निर्माता छन् ।

यसमा जित बहादुर रुवाली एसोसियट निर्देशक, पुरुषोत्तम प्रधान छायाँकार, कुमार महर्जन द्वन्द्व निर्देशन, कविराज गहतराज नृत्य निर्देशक, आशिष अविरल सङ्गीतकार, शमशेर लामा शृङ्गार, रूपकप्रताप अधिकारी प्रोडक्सन डिजाइनर, अनिल खड्का मुख्य सहायक निर्देशक रहेका छन् ।

# अव्यावहारिक कर हटाउन माग गर्दै मन्त्री शर्मालाई ज्ञापनपत्र

■ प्रभाव संवाददाता



**काठमाडौं–** अव्यवहारिक कर हटाउन माग गर्दै चलचित्रकर्मीको एक समूहले सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई एक ज्ञापन पत्र बुझाएको छ । शुक्रवार चलचित्रकर्मीको एक टोली सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार पुगेर मन्त्री शर्मालाई ज्ञापन पत्र बुझाएको हो ।

ज्ञापनपत्रमा चलचित्र विकास शुल्क, स्थानीय कर लगायत चलचित्रकर्मी माथि लगाइएको दोहोरो तथा अव्यवहारिक कर हटाउनुपर्ने मागसहित विभिन्न समस्याहरू बुँदा समेटिएको टोलीमा सहभागी चलचित्र संघका उपाध्यक्ष गोपालकाजी कायस्थले जानकारी दिए । मन्त्री शर्मासँग चलचित्रकर्मीको विषयमा सकारात्मक छलफल भएको कायस्थले बताए । चलचित्रकर्मीको टोलीमा निर्देशक दीपाश्री निरौला, गोपालकाजी कायस्थ, चलचित्र संघका महासचिव नरेन्द्र महर्जन, वीरेन्द्रनारायण श्रेष्ठ, भास्कर ढुङ्गाना लगायतको सहभागिता रहेको थियो ।

# त्रिवेणी धामबाट 'पीताम्बर'को छायांकन सुरु

**काठमाडौं (प्रस)–** कृषा चौलागाईंको निर्देशन रहने फिल्म 'पीताम्बर'को छायांकन सुरु भएको छ । शुक्रवार नवलपरासीको त्रिवेणी धाममा शुभ-मुहूर्त गर्दै निर्माण युनिटले फिल्मको छायांकन सुरु गरेको हो । फिल्मको पहिलो चरणको सुटिङ अहिले सुरु भएको निर्देशक चौलागाईले बताइन् ।



गत फागुन २ गते सरस्वती पूजाको दिन कान्तिपुर फिल्म एकेडेमीमा स्क्रिप्ट पूजा भएको फिल्मको पहिलो चरणको छायांकन १५ दिनेको सेडुल रहेको छ । फिल्म नवलपरासीपछि बुटवल र नेपालगञ्जमा छायांकन हुनेछ ।

फिल्मको निर्माता पनि कृषा चौलागाई हुन् ।

केही अगाडि 'ऐंचो पैंचो'बाट निर्देशनमा डेब्यु गरेकी कृषाको या निर्देशनमा दोस्रो फिलम हो । फिल्ममा प्रदीप खड्का, सौगात मल्ल, आँचल शर्मा, अनुपविक्रम शाही, सुरक्षा पन्त, प्रमोद अग्रहरी, दिव्यदेव, सुपुष्पा भट्ट, कामेश्वर चौरासिया, गौरव बिष्ट, बिशाल पहारी लगायतका कलाकारको अभिनय रहनेछ ।

फिल्मको पहिलो सेडुलमा अभिनेत्री सुरक्षा पन्त, अभिनेता अनुप विक्रम शाही, प्रमोद अग्रहरी, कामेश्वर चौरासिया, दिव्य देव, सुपुष्पा भट्ट, विशाल पहारी, गौरव बिष्टलगायत कलाकारको अभिनय रहनेछ । दोस्रो सेड्युलमा प्रदीप खड्का र सौगात मल्ल भित्रिनेछन् ।

केपी फिल्मस् र पुरुषोत्तम प्रधान फिल्मस्को सहकार्यमा निर्माण हुन लागेको फिल्मलाई पुरुषोत्तम प्रधानले खिच्नेछन् । फिल्ममा अभिनेता प्रदीप खड्का एक्सन भूमिकामा देखिने बताइएको छ । प्रदीप भारद्वाजको लेखन रहेको फिल्मको बजेट ५ करोड अनुमान गरिएको छ ।



आइसिसी विश्व लिग-२

# नामिबियासँग नेदरल्याण्ड पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत भएको खेलमा नामिबियाले नेदरल्यान्ड्सलाई २४ रनले पराजित गरेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको नामिबियाले ४१ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै दुई सय तीन रन बनायो । जितका लागि दुई सय चार रनको लक्ष्य पच्छाएको नेदरल्यान्ड्स ४३ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै एक सय ७९ रनमा समेटियो ।

नामिबियाका लागि ज्यान निकोल लोफ्टी-इटनले सर्वाधिक ४९ रन बनाए । उनले ४३ बल खेल्दै ६ चौका र दुई छक्का हाने । यसैगरी मलान क्रुगरले ३९, ज्यान फ्राई लिङ्कले ३४, रुबेन ट्रम्पप्लेमानले २३ तथा जान ग्रिनले २२ रन बनाए । कप्तान जेर्हार्ड इरासमले १२ रन बनाउँदा माइकल भ्यान लिङ्गेन १० रन जोडे ।

बलिङतर्फ नेदरल्यान्ड्सका लागि भिभियन किङ्गमाले तीन, आर्यन दत्त र रुलफ° भ्यान डर मर्वाले दुई दुई तथा शारिज अहमद र बास डे लिडले एक एक विकेट लिए ।

यस्तै नेदरल्यान्ड्सका लागि ब्याटिङ गर्ने क्रममा नोआ क्रोसले सर्वाधिक अविजित ४६ रन बनाए । उनले ५६ बल खेल्ने क्रममा तीन चौका हाने । यसैगरी म्याक्स ओडाउडले ४१ रन, बास डे लिडले २४ तथा शारिज अहमदले १९ रन बनाए । बलिङतर्फ नामिबियाका ज्यान फ्राई लिङ्क र जेहार्ड इरासमसले तीन तीन, बर्नार्ड स्कोल्जले दुई तथा रुबेन ट्रम्पलम्यान र निकोल लफ्टी इटनले एक एक विकेट लिए ।

जितसँगै नामिबियाले चार खेलमा ६ अङ्क जोडेको छ । नामिबिया लिग-२ को शीर्षस्थानमा उक्लिएको छ । नेपाल र नेदरल्यान्ड्सको भने तीन खेलमा दुई दुई अङ्क छ । अब जारी शृफ्लाको अन्तिम खेल नेपालले नेदरल्यान्ड्ससँग यही फागुन १३ गते खेल्नेछ ।

वाफ वुमन्स च्याम्पियनसिप

## लगातार २ जितसँगै नेपाल सेमिफाइनलमा

**काठमाडौं (प्रस)–** नेपाल वाफ वुमन्स च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ । बिहीबार राति प्यालेस्टाइनले सिरियालाई १-० ले हराएसँगै नेपालको सेमिफाइनल स्थान पक्का भएको हो ।

समूह बीबाट सेमिफाइनल पुग्ने दुई टिमको टुङ्गो लागेको छ । नेपालसँगै प्लालेस्टाईनले सेमिफाइनलमा स्थान पक्का गरेका छन् । समूह चरणमा समान दुई खेलबाट दुवै टिमले समान ६ अंक जोडेका छन् ।

नेपालले समेत समूह चरणको दोस्रो खेलमा इराकलाई ५-० गोल अन्तरले हराउँदै लगातार दोस्रो जित दर्ता गरेको थियो । सावित्रा भण्डारीको ५ गोलको सहयोगमा नेपालले इराकविरुद्ध शानदार जित दर्ता गरेको थियो ।

समूह चरणमा अब एक खेलमात्र बाँकी छ । नेपालले समूह विजेता बन्नका लागि प्यालेस्टाईनसँग खेल्नेछ ।

प्रतियोगिताबाट बाहिरिसकेका सिरिया र इराक सुखद अन्त्यको लक्ष्य सहित अन्तिम खेलमा उत्रनेछन् ।

समूह एबाट समेत सेमिफाइनल पुग्ने टोलीको टुङ्गो लागेको छ । समूहबाट जोर्डन र लेबनान सेमिफाइनल पुग्ने पक्का भएको छ ।

पहिलो पटक सहभागीता जनाएका साउदी अरब र ग्वाम प्रतियोगिताबाट बाहिरिने पक्का भएको छ । जोर्डन र लेवनानले दुई खेलबाट समान ६ अंक जोड्दै तालिकाको शीर्ष दुईमा छन् ।

वेस्ट एसियन फुटबल फेडेरेसनले आयोजना गरेको प्रतियोगिता साउदी अरबमा सञ्चालन भैरहेको छ । नेपालले पहिलो पटक आमन्त्रित देशको रूपमा प्रतियोगितामा सहभागीता जनाएको हो ।

सूर्य नेपाल वेस्टर्न ओपन

# भुवनलाई ११औं उपाधि

■ प्रभाव संवाददाता




**पोखरा–** पूर्व नम्बर एक प्रो गल्फर भुवन नगरकोटी रेकर्ड स्कोरसहित सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको चौंथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि जित्न सफल भएका छन् ।

५४ होलको प्रतियोगिता १०-अन्डर १ सय ९७ को स्कोरमा उपाधि जित्दा हिमालयन गल्फ कोर्समा बनेको यो अहिलेसम्मकै उत्कृष्ट स्कोर हो । भुवनले सन २०१७ मा शिवराम श्रेष्ठले बनाएको ९-अन्डरको रेकर्ड तोडेका हुन । यो प्रतियोगितामा भुवनको यो दोस्रो रेकर्ड हो । बिहीबार उनले ७-अन्डर ६२ को कोर्स रेकर्ड बनाएका थिए ।

पोखरास्थित पार-६९ को हिमालयन गल्फ कोर्समा अन्तिम दिन शुक्रबार इभन-पार ६९ को स्कोर निकाल्दा भुवनले समग्रमा १०-अन्डर १सय ९७ को सानदार स्कोरमा करियरको एघारौं उपाधि जितेका हुन् । भुवनले रवि खड्का र एमेच्योर सदभाव आचार्यलाई १२ स्ट्रोकले माथ दिए । उपाधिसँगै भुवनले १ लाख ४० हजार नगद पुरस्कार हात पारे । सन २०२२ को सूर्य नेपाल काठमाडौं ओपन जितेपछि उनले जितेको यो पहिलो उपाधि हो ।

रवि खड्का र एमेच्योर सदभाव आचार्यले समग्रमा २-ओभर २ सय ९ को स्कोरमा दोस्रो स्थान बाँडे । रवि र सदभाव दुवैले शुक्रबार १-ओभर ७० मा खेल सकाए । रविले नगद ९६ हजार प्राप्त गरे । एमेच्योरतर्फ सदभावले उपाधि जिते । उनले प्रज्वल गुरूङलाई १३ स्ट्रोकले हराउँदै उपाधि जितेका हुन । दोस्रो भएका प्रज्वलले १५-ओभर २ सय २२ स्कोर गरे ।

धरानका प्रो निरज तामाङले शुक्रबार इभन-पार ६९ मा खेल सकाउँदा समग्रमा ४-ओभर २ सय ११ को स्कोरमा तेस्रो स्थान प्राप्त गरे । उनले ७२ हजार नगद आफ्नो नाममा लेखाए । भेट्रान प्रो दीपक मगरले समग्रमा ६-ओभर २ सय ११ सहित चौथो भए । शुक्रबार उनले इभन-पार ६९ मा खेल सकाए । चौथो भएका उनले ५९ हजार नगद हात पारे । समग्रमा १०-ओभर २ सय १७ बनाएका प्रदीप कुमार लामा पाँचौ भए । उनले शुक्रबार ४-ओभर ७३ मा खेल सकाए । उनी ५० हजार नगद पुरस्कारको हकदार बने ।

यसैगरी बलभद्र राई, भुबहादुर गुरुङ र सञ्जय लामाले समग्रमा ११-ओभर २ सय १८ को नतिजामा छैटौं स्थान बाँडे । उनीहरूले जनही ३९ हजार नगद पुरस्कार प्राप्त गरे । अन्तिम दिन बलभद्रले ४-ओभर ७३, भुबहादुरले ३-ओभर ७२ र सञ्जयले १-ओभर ७० मा खेल सकाए । दल बहादुर लामा र दिनेश प्रजापतिले समग्रमा १३-ओभर २ सय २० को स्कोरमा संयुक्तरूपमा नवौं स्थान बाँड्दा जनही ३२ हजार हात पारे । दलले शुक्रबार ६-ओभर ७५ र नीरजले ३-ओभर ७२ मा अन्तिम दिनको खेल सकाए ।

११ स्ट्रोकको अग्रता सहित अन्तिम १८ होलको सुरूवात गरेका भुवनलाई अन्य कुनैपनि गल्फरले चुनौती दिन सकेनन । उनले फ्रन्ट नाइन इभन-पार ३४ मा सकाए । पहिलो र पाँचौ होलमा बर्डी तथा चौथो र सातौं होलमा बोगी प्रहार गरे । उनले ब्याक नाइन पनि इभन-पार ३५ मा सकाए । यो क्रममा उनले १४औं र १८औं होलमा एक-एक सट खेर फाल्दा १५औं र १६ औं होलमा बर्डी प्रहार गरे ।

रविले फ्रन्ट नाइनमा राम्रो प्रदर्शन गर्न सकेनन । ३-ओभर ३७ मा फ्रन्ट नाइन सकाउने क्रममा उनले पहिलो र आठौं होलमा बोगी र सातौं होलमा डबल बोगीको सामना गरे । तेस्रो होलमा एक सट बचाए । ब्याक नाइनमा सम्हालिदै १५औं र १८औं होलमा दुई बर्डी प्रहार गरे । ब्याक नाइन २-अन्डर ३३ मा पुरा गरे ।

संयुक्तरूपमा दोस्रो भएका एमेच्योर विजेता सदभावले फ्रन्ट नाइन इभन-पार ३४ मा पुरा गरे । उनले पहिलो होलमा बोगी र सातौं होलमा बर्डी खेपे । यसपछि १०औं र १३औं होलमा एक-एक सट बचाउँदा १२औ, १५औं र १७औं होलमा बोगीको सामना गरे ।

निरजले फ्रन्ट नाइन १-ओभर ३५ र ब्याक नाइन १-अन्डर ३४ मा सकाए । दोस्रो र तेस्रो होलमा बर्डी प्रहार गरेपनि चौथो, छैटौं र नवौं होलमा एक-एक सट खेर फाले । यसपछि १७औं होलमा डबल बोगी खेप्दा १३औ, १५औं र १८औं होलमा एक-एक सट बचाए ।

काठमाडौं बाहिर हुने दुई प्रतियोगिता मध्ये एक, सूर्य नेपाल वेस्टर्न ओपनमा ३५ प्रोफेसनल र १५ एमेच्योर खेलाडीको सहभागीता रहेको थियो । कुल ८ लाख ४० हजार नगद पुरस्कार राशी रहेको प्रतियोगिताको विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रालिका ब्रान्ड म्यानेजर विदुरराज अधिकारी, गण्डकी प्रदेश गल्फ संघका अध्यक्ष इन्द्रधारा बिष्ट, कास्की जिल्ला गल्फ संघका अध्यक्ष जीवराम गुरूङ र गण्डकी प्रदेश खेलकुद विकास परिषदका बोर्ड सदस्य केशव पाठकले पुरस्कार वितरण गरे ।

प्रतियोगिताको अन्तिम दिन शनिबार प्रो-एम प्रतियोगिता हुनेछ । प्रतियोगितामा ७६ एमेच्योर र १९ प्रोफेसनल गल्फरले भाग लिनेछन ।

सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत जारी सिजनमा कुल आठ प्रतियोगिता रहेका छन । जसमा कुल ६५ लाख नगद पुरस्कार रहेको छ ।

# नाइजेरियामा लस्सा ज्वरोबाट ७२ को मृत्यु

**अबुजा (नाइजेरिया)-** यस वर्षको प्रारम्भदेखि अफ्रिकाको सबैभन्दा धेरै जनसंख्या भएको मुलुक नाइजेरियामा लस्सा ज्वरोबाट ७२ जनाको मृत्यु भएको सार्वजनिक स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

जनवरीदेखि २१ राज्यमा भाइरल हेमोरेजिक ज्वरोको प्रकोपबाट अहिलेसम्म ४११ जना प्रभावित भएको पुष्टि भएको र तीमध्ये ७२ को मृत्यु भएको नाइजेरियाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (एनसिडिसी)ले आफ्नो पछिल्लो प्रतिवेदनमा उल्लेख गरेको छ ।

पुष्टि भएका मामिलामध्ये ६५ प्रतिशत तीन राज्य ओन्डो, एडो र बाउचीमा रिपोर्ट गरिएको थियो भने ३५ प्रतिशत मामिला अन्य १८ राज्यमा देखिएको थियो ।

राष्ट्रिय रोग नियन्त्रण एजेन्सीका अनुसार यस वर्ष अहिलेसम्म कूल दुई हजार १२२ मामिला रेकर्ड गरिएको छ । यो सन् २०२३ को यसै अवधिमा रेकर्ड गरिएको आठ हजार २८० भन्दा उल्लेखनीयरूपमा कम हो ।

मुलुकमा लस्सा ज्वरोको प्रकोपबाट अहिलेसम्म दुई स्वास्थ्यकर्मी प्रभावित भएको एनसिडिसीले बताएको छ । एनसिडिसीका अनुसार २१ देखि ३० वर्ष उमेर समूहका व्यक्तिहरू यस ज्वरोबाट सबैभन्दा बढी पीडित छन् ।

लस्सा ज्वरो मुसाको मूत्र वा मलबाट दूषित खाना वा घरेलु वस्तुहरूमार्फत मानिसमा फैलिने रोग हो । मुसाको ऱ्याल, मूत्र र मल मानिसको सम्पर्कमा आएपछि यो ज्वरो फैलिने बताइन्छ । एनसिडिसीका अनुसार सन् २०२३ मा लस्सा ज्वरोबाट एक हजार २२७ मामिलामा कम्तीमा २१९ को मृत्यु भएको थियो । *रासस/सिन्ह्वा*

# हरियाणा सरकारद्वारा किसानविरूद्ध राष्ट्रिय सुरक्षा ऐन खारेज

**चण्डीगढ (भारत)-** हरियाणा प्रहरीले बिहीबार रातिको घोषणापछि शुक्रबार अम्बाला जिल्लाका केही युनियन नेताहरूविरुद्धको राष्ट्रिय सुरक्षा ऐन (एनएसए), १९८० खारेज गरेको अधिकारीहरूले बताएका छन् ।

अम्बाला रेञ्जका आइजिपी सिबाश कविराजले किसान नेताहरूविरुद्धको एनएसए लागू नहुने बताए । 'अम्बाला जिल्लाका केही फार्म युनियन नेताहरूमाथि राष्ट्रिय सुरक्षा ऐनका प्रावधानहरू लागु गर्ने मामिलमा पुनर्विचार गरिएको र यसलाई लागू नगर्ने निर्णय भएको सबै सम्बन्धित पक्षलाई स्पष्ट पारिन्छ,' उनले भने ।

प्रहरीले किसानहरूसँग कानुन र व्यवस्था कायम गर्न र अधिकारीहरूसँग सहयोग गर्न पनि अपिल गरेको छ । 'हरियाणा प्रहरी प्रदर्शनकारी र उनीहरूका नेताहरूसँग शान्ति तथा कानुन व्यवस्था कायम गर्न अधिकारीहरूसँग सहयोग गर्न अपिल गर्दछ,' कविराजले भने ।

यसअघि हरियाणा सरकारले अम्बाला जिल्लामा सम्पत्तिको क्षतिको विवरण माग्ने प्रहरी अधिकारीहरूसँग किसान नेताहरूविरुद्ध राष्ट्रिय सुरक्षा कानुन लागू गरेको थियो । सन् १९८० को राष्ट्रिय सुरक्षा ऐन (एनएसए) ले भारतमा सरकारलाई सार्वजनिक व्यवस्था र राष्ट्रिय सुरक्षा कायम गर्नका लागि मानिसहरूलाई हिरासतमा लिने अनुमति दिन्छ ।

यो ऐनले केन्द्र वा राज्य सरकारलाई कुनै पनि व्यक्तिलाई राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने कार्यमा संलग्न भएको विश्वास गर्ने कारण भएमा हिरासतमा राख्न अनुमति दिन्छ ।

एनएसए एउटा निवारक नजरबन्द कानुन हो । यसमा कुनै पनि व्यक्तिलाई भविष्यमा अपराध गर्न वा भविष्यको अभियोगबाट भाग्नबाट जोगाउनका लागि हिरासतमा राख्ने व्यवस्था छ । *रासस/एएनआई*

**वनस्थली ट्राभल्स एण्ड टुर्स प्रा. लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा**

## हकदावी गर्न आउने बारे सूचना

कम्पनी रजिस्ट्रारको कार्यालय मा दर्ता नं. ११४५०४।०७०।०७१ मा दर्ता रहेको दुई जना शेयरधनी (श्री विष्णु प्रसाद न्यौपाने र श्री सुनिता न्यौपाने) रहेको बनस्थली ट्राभल्स एण्ड टुर्स प्रा. लि. को मिति २०५०।११।०९ मा बसेको विशेष साधारण सभाले कम्पनी दर्ता खारेजी गर्ने र खारेजीका लागि लिक्विडेटर समेत नियुक्त गरी सकेको हुनाले हुनाले यस कम्पनीमा कोही कसैको बाँकी बक्यौता, लेनदेन आदी भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको ३५ (पैंतीस) दिन भित्र लिक्विडेटरको कार्यालय काठमाडौं जिल्ला, किर्तिपुर नगरपालिका वडा नं. २ किर्तिपुरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी दर्ता खारेजमा लैजाने प्रकृया सुरू भै जाने जानकारी गराइन्छ ।

**सुशिल कुमार दाहाल**
**(लिक्युडेटर) इ.नं. १७९**
**फोन ९८५१०५९९४४**
**इमेल: sushil dahal2034@gmail.com**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/१०/१२**

यस कम्पनीको मिति २०८०/०९/१७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नेपालफलाईइंग प्यारागलाईडींग स्कुल प्रा.लि./Nepal Flying Paragliding School Pvt. Ltd.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **नेपाल फ्लाइङ प्याराग्लाइडिङ प्रा.लि./Nepal Flying Paragliding Pvt. Ltd.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१०/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेपाल फ्लाइङ प्याराग्लाइडिङ प्रा.लि./Nepal Flying Paragliding Pvt. Ltd.** (प्रा.लि.नं.१२३४९५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

# रूसी सेनाका लागि आफ्ना नागरिकहरु भर्ती भएको भारतको पुष्टि

**नयाँदिल्ली-** भारतको विदेश मन्त्रालयले मुलुकका केही नागरिकहरू रुसी सेनासँग 'सहायक नोकरी'का लागि भर्ती भएको शुक्रबार पुष्टि गरेको छ । मन्त्रालयले उनीहरूको छुट्टी सुनिश्चित गर्नका लागि मस्कोसँग काम गरिरहेकोसमेत बताएको छ ।

करिब १८ भारतीय युक्रेनमा रुसको युद्धको अग्रपंक्तिमा विभिन्न सीमावर्ती सहरमा फसेको हिन्दू अखबारले बुधबार बताएको थियो । अखबारका अनुसार कम्तीमा तीन भारतीयलाई रुसीहरूसँग मिलेर लड्नका लागि 'बाध्य' पारिएको थियो ।

विदेश मन्त्रालयले भारतीयहरूले युद्धमा लडाकूको भूमिका निर्वाह गरेका थिए भन्नेबारेमा पुष्टि गरेको छैन तर एक विज्ञप्तिमा भनेको छ, 'केही भारतीय रुसी सेनाको सहायक नोकरीका लागि भर्ती भएको जानकारी प्राप्त भएको छ ।'

'भारतीय दूतावासले नियमितरूपमा उनीहरूको शीघ्र रिहाइका लागि सम्बन्धित रुसी अधिकारीहरूसँग यस मामिलालाई उठाइरहेको छ,' विज्ञप्तिमा भनिएको छ, 'हामी सबै भारतीयसँग उचित सावधानी अपनाउन र यो युद्धबाट टाढा रहन आग्रह गर्दछौं ।'

भारतीयहरूलाई दुबईस्थित भर्तीकर्ताहरूले उच्च तलब र रुसी पासपोर्टको वाचा गर्दै धोका दिएको दि हिन्दूको रिपोर्टमा आरोप लगाइएको छ । मस्कोमा पुगेपछि भारतीयहरूलाई कथितरूपमा 'रुसी सेनाबाट हतियार र गोलाबारुद' सम्हाल्नका लागि प्रशिक्षित गरिएको र जनवरीमा अग्रपंक्तिमा पठाइएको थियो ।

अखबारका अनुसार केही भारतीयले कथितरूपमा वर्तमान युद्धमा युक्रेनी बलहरूसँग स्वेच्छिकरूपमा स्वयंसेवा गरेका थिए भने अर्कोतिर उनीहरूको कथित संलग्नताको यो पहिलो ज्ञात उदाहरण थियो । स्वदेश फिर्ताका लागि उनीहरूको 'बारम्बारको आग्रह' लाई मस्कोमा भारतीय दूतावासले 'बेवास्ता' गरेको एक व्यक्तिले अखबारलाई बताएका छन् । *रासस/एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KALHA INTERNATIONAL CATERING CO.W.L.L

पूर्व स्वीकृति मिति २०८०/११/११ | LT. No.300441 | चलानी नं. ६०२१५३५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 60 | 20 | 115 | ४९,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत न .७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BINA PLASTICS INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/११/१० | LT. No. :300328 | चलानी नं. ६०२१५३३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 150 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २१ र २२ गते (4/5 Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOMETOWN F AND B (SEPANG)SDN.BHD

पूर्व स्वीकृति मिति: २०७९/१२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ | LT. No. 283608 | चलानी नं. ६०१९९११३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 47 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Ever Bright Overseas Pvt.Ltd.**
श्रम इजाजत नं. १४६५/०७४/०७५
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BIOTEC MEDICAL & LABORATORY EQUIPMENT REPAIRING CO.

पूर्व स्वीकृति मिति २०८०/११/१० | LT. No. 300390 | चलानी नं. ६०२१५३५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 13 | 0 | 1200 | ४३,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Messenger | 0 | 5 | 2000 | ७२,४१५ | | | | | | | |
| 3 | Sales Manager | 2 | 0 | 2000 | ७२,४१५ | | | | | | | |
| 4 | Sales Officer | 0 | 5 | 1500 | ५४,३१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232
9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED ALI AL BARQI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/११/१० | LT. No. 300384 | चलानी नं. ६०२१५३४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waterproofing Worker | 1 | 0 | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १९ गते (2nd Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia !!
## पूर्णतया शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket from Kathmandu to Malaysia, Free Bio-Medical, Free Service Charge, Free Transportation (after selection) Free Passport Cost, Free Lodging and Meals (after selection).
नि:शुल्क भिषा, नि:शुल्क हवाइ टिकट काठमाडौं देखि मलेसियासम्म नि:शुल्क स्वास्थ्य जाँच, सेवा शुल्क नि:शुल्क, नि:शुल्क यातायात (छनौट पश्चात), नि:शुल्क आवास र खाना (छनौट पश्चात), नि:शल्क राहदानी शुल्क ।

**रोजगारदाताको विवरण । Employer's Information:**

Employer Company's Name: ADVANCED ENERGY INDUSTRIES (M) SDN BHD
रोजगारदाता कम्पनीको नाम: एड्भान्स्ड एनर्जी इन्डस्ट्रिज (एम) एस डि एन. बि एच डि.
Employer Company's Address/Job Site: Simpang Ampat
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान: सिम्पाङ अम्पाट

| पूर्व स्वीकृति मिति : २०७९/०९/१७ Pre Approval Date: 2023-01-01 | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/११ Pre Approval Date: 2024-02-23 | चलानी नं.: ६०१९४१६९ Reference No: 60194169 | LOT NO. 278463 |
|---|---|---|---|

| सि. न | Post for Migrating Worker कामदार को पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलव QR | Monthly Basic Salary मासिक तलव ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रति दिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक बिदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker फ्याक्ट्री कामदार | 75 ७५ | 0 0 | Proficient in reading/ writing/ speaking/ understanding English with +2 passed [illegible] | 1500 १५०० | 42000 ४२००० | As per Malaysian Labour Law मलेसिया श्रम कानुन अनुसार | 7.5 Hrs ७.५ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

Employment Terms and Conditions /रोजगार नियम र सर्तहरू:

1. Nature of Job: General Worker in Manufacturing sector.
   काम को प्रकृति: उत्पादन क्षेत्रमा औद्योगिक कामदार
2. Overtime shall be voluntary. Overtime Payment Calculated as
   ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना
   i) on Normal Days: Salary * 1.5 / सामान्य दिनमा * तलब १.५
   ii) on Sundays/rest days: Salary * 2.0 / आइतबार/ विश्राम दिन: तलब * २.०
   iii)on Public Holidays: Salary *3.0 / सार्वजनिक बिदामा तलब * ३.०
3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
   विश्राम दिन मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: Paid Holiday for atleast 11 public holidays in any one year of service in accordance to labor law in Malaysia.
   सार्वजनिक बिदा: मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा ११ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा ।
5. Annual Leave:8 days for first two years of service.
   वार्षिक बिदा: सेवाको पहिलो दुई वर्षको लागि ८ दिन ।
6. Sick Leave/ farem farar
   i)Without Hospitalization: 14 days sick leave for each year of service for less than 2 years.
   अस्पतालमा भर्ना बिना २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा ।
   ii) Incase of Hospitalization:60 days sick leave in each calender year.
   अस्पताल भर्ना भएको अवस्थामा: प्रत्येक पात्रो वर्षमा ६० दिन बिरामी बिदा ।
7. Medical and Accident Insurance: Under the current Foreign Workmen Compensation (Insurance) Scheme (FWCMS) and if applicable, the Foreign Workers Health Insurance Scheme or any other insurance scheme as may be adopted by the Government of Malaysia which will be insured by employer.
   हालको विदेशी कामदार क्षतिपूर्ति (बीमा) योजना (FWCMS) अन्तर्गत बीमा र यदि लागु हुन्छ भने, विदेशी कामदार स्वास्थ्य बीमा योजना (SPIKPA) वा मलेसिया सरकारले अपनाएको कुनै अन्य बीमा योजना जुन रोजगारदाताद्वारा गरिनेछ ।
8. Right to freedom of association and collective bargaining will be respected.
   संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ ।
9. Right to freedom of Religion.
   धर्मको स्वतन्त्रताको अधिकार ।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
   आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति ।
11. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
   स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले बहन गर्नेछ ।

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकल शुल्क कसले व्यहोर्ने र कति लाग्ने | Abroad Medical cost borne by विदेशमागर्ने मे डिकलको खर्च कसले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवनबिमा कसले व्यहोर्ने र कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा बिमा हुने नहुने र प्रिमियम कसले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | Visa fee will borne by भिषा शुल्क कसले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कसले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्बन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाता रोजगारदाताले व्यहोर्ने | By Eployer Age 18-35= 3708 Above 35 age= 4931 रोजगारदाताले व्यहोर्ने उमेर १८-३५= ३७०८ ३५ वर्ष माथि= ४९३१ | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगार दाताले व्यहोर्ने | By Employer रोजगार दाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

फाइनल अन्तर्वार्ता ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को महाराजगञ्ज काठमाडौं अफिस कार्यालयमा मिति २०८०, फागुन २० गते हुनेछ ।
Interview will be conducted at the premises of Trust Nepal Overseas, Maharajgunj Kathmandu on 3rd March, 2024.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । वैदेशिक रोजगारमा जाने कामदारहरूबाट यस प्रा.लि. ले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Trust Nepal Overseas Pvt. Ltd. does not have any branch or mediator representative. It is a non–fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no forced savings, no bonds, no cash deposits or any form of fees.

**Note:** (नोट)

1. This is an absolutely zero–cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

१. यो पूर्णतया शून्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।

2. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.

२. यो भर्ती कुनै पनि प्रकारको पूर्वाग्रह वा भेदभाव विना स्वतन्त्ररूपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ ।

ठगहरूबाट सावधान रहनुहोस्/**Beware of Swindlers**

कृपया धोखाधडी, अवैध क्रियाकलाप वा भ्रष्टाचार विरूद्ध ट्रष्ट नेपालको हेल्पलाइन न ९८०२०२१३६१ मा वा इमेल tnocomplaint@trustnepal.com मा प्रतिशोध तथा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोपनीयता सुनिश्चित राख्नेछौ ।
Feel free to report against fraud, illegal activities or corruption in Trust Nepal's Helpline +9779802021361 or email at tnocomplaint@trustnepal.com without fear of reprisal or intimidation. We shall maintain confidentiality of the complainant/whistle blower.

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी** :- १. जापनो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन न हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be atten ded compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Trust Nepal Overseas (P.) Ltd.
We are an ethical and responsible recruitment agency.

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८, Hotline No. 9802021361
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com

पहिलो आउनेलाई पहिलो प्राथमीकताको नियम अर्न्तगत फारम उपलब्ध गराईने छ ।



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्ज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११८४०० | प्रति तोला - ११७८५० | प्रति तोला - १४१५ |



**पर्यटकीय घलेगाउँ** | समुद्री सतहदेखि दुई हजार १०० मिटर उचाइमा रहेको प्राकृतिक छटाले भरिपूर्ण, लमजुङ हिमालको काखमा अवस्थित घलेगाउँ। वि.सं. २०५७ बाट सञ्चालित घरवासमा यतिबेला यहाँ ४४ घरधुरीमा घरवास कार्यक्रम रहेको छ। *तस्बिरः जनक श्रेष्ठ/रासस*

# तनहुँ जलविद्युत्को ५० प्रतिशत काम सम्पन्न

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)** – तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको पचास प्रतिशत काम सकिएको छ। निर्माण सुरु भएको पाँच वर्षका अवधिमा आयोजनाले ५१.४४ भौतिक प्रगति गरेको हो।

पुस मसान्तसम्म आयोजनाको आधा काम सकिएको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिए। सोही अवधिसम्म ४६.३४ प्रतिशत आर्थिक प्रगति हासिल भएको छ। आयोजनाले तीनवटा प्याकेजमा ठेक्कामार्फत काम गरिरहेको छ।

शिल्पकारका अनुसार प्याकेज १ मा २७.७५ प्रतिशत भौतिक र २३.८८ प्रतिशत आर्थिक प्रगति भएको छ। प्याकेज २ मा ५१.१४ प्रतिशत भौतिक र ४४.०९ प्रतिशत आर्थिक प्रगति भएको छभने प्याकेज ३ मा ७६.५ प्रतिशत भौतिक र ७२.६ प्रतिशत आर्थिक प्रगति हासिल भएको शिल्पकारको भनाइ छ। उनले भने, 'तीनवटै प्याकेजको काम तीव्र गतिमा भइरहेको छ, आयोजनाको प्रगति सन्तोषजनक रहेको छ।' आयोजनाको कामलाई निर्धारित सन् २०२६ मै सम्पन्न गर्ने लक्ष्यसहित कामलाई अगाडि बढाइएको उनको भनाइ छ।

आयोजनाको महत्वपूर्ण काम रहेको बाँध निर्माण केही महिनाअघि देखि जारी छ। ऋषिङ गाउँपालिका-१ र व्यास नगरपालिका-५ सिमाना भएर बग्ने सेती नदीलाई एक सय ४० मिटर अग्लो कङ्क्रिट मुख्य बाँध निर्माणस्थलभन्दा माथिल्लो तटीय क्षेत्रबाट ६२६.९२ मिटर लामो सुरुङ निर्माण गरी फर्काइएको छ।

डाइभर्सन सुरुङमार्फत फर्काइएको पानीलाई मुख्य बाँध निर्माणस्थलबाट तल्लो तटीय क्षेत्रमा पुनः सेती नदीमा खसालिएको छ। बाँध निर्माणका लागि नदी फर्काउने कामलाई महत्वपूर्ण मानिन्छ। सन् २०२१ बाट निर्माण सुरु भएको डाइभर्सन टनेल हालै निर्माण सम्पन्न भएपछि नदी फर्काउने काम गरिएको हो।

अब मुख्य बाँध निर्माण अवधिसम्मका लागि नदी फर्काउनका लागि करिब ४० मिटर अग्लो अस्थायी कङ्क्रिट बाँध (कफर ड्याम) निर्माण गरिनेछ। उक्त बाँध आगामी मनसुन सुरु हुनुभन्दा पहिले नै निर्माण सक्नेगरी काम भइरहेको आयोजना प्रमुख शिल्पकारले बताए।

आयोजनाको मुख्य निर्माण कार्यलाई तीन प्याकेजमा विभाजन गरी काम भइरहेको छ। प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन (प्रा) लि. नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेदेखि कार्यान्वयनमा आएको थियो।

आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ को निर्माणका लागि सिनो हाइड्रो कर्पोरेसन, चीनसँग विसं २०७५ असोज १५ गते खरिद सम्झौता भएको थियो। निर्माण सुपरीवेक्षण परामर्शदाताले खरिद सम्झौताबमोजिम निर्माण सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनो हाइड्रोले विसं २०७५ माघ ६ बाट आयोजनास्थलमा परिचालित भई निर्माण जारी राखेको छ।

भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कङ्क्रिटिङ तथा टर्वाइनलगायत उपकरण जडान भइरहेको छ। टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ मुख्य सुरुङ खनिरहेको छ। प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका केइसी इन्टरनेसनल लिमिटेड, भारतसँग विसं २०७५ पुस १० गते भएको खरिद सम्झौता विसं २०७५ फागुन १० मा कार्यान्वयनमा आएको थियो। ३४.७ किमी प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ७४ वटा टावरको जग हालिएको छ। १६ वटा टावरको जग संरक्षण गर्ने कार्य सम्पन्न भएको छभने तीन स्थानमा जारी छ। यस अवधिमा निर्माण व्यवसायीले टावरका विभिन्न उपकरण छिर्कनेमा रहेको स्टोरमा आपूर्ति गरेको जनाइएको छ।

आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत तनहुँ जिल्लामा विद्युतीकरण गर्नका लागि नेपाल विद्युत् प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना सम्पन्न भएको छ। यसअन्तर्गत स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि घिरिङ गाउँपालिका-४ र बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीका दुईवटा सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

# बजेट अभावले सिँचाइ आयोजना प्रभावित

■ प्रभाव संवाददाता

**कञ्चनपुर**– बजेट अभावका कारण राष्ट्रिय गौरवको महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको काम प्रभावित भएको छ।

मुआब्जा वितरण र विकास खर्च बजेट सकिएपछि निर्माण रोकिने अवस्था आएको यहाँस्थित आयोजना कार्यालयका निर्देशक कुसाङ शेर्पाले बताए। उनले माग गरेभन्दा निकै कम बजेट प्राप्त भएकाले जमिन अधिग्रहण गर्न समस्या भएको बताए। 'विकासतर्फको रु २० करोड रकम अर्थ मन्त्रालयकै सहमतिमा मुआब्जातर्फ रकमान्तर गरेर जमिन अधिग्रहण गरेका थियौ।' उनले भने, '२१.६ हेक्टर जमिन अधिग्रहणका गर्न रु ८७ करोड थप बजेट माग गरेका छौ।' उनका अनुसार यस वर्ष विकासतर्फ रु ९९ करोड र मुआब्जाका लागि रु १२ करोड आएको थियो। बजेट नहुँदा यस वर्ष नयाँ ठेक्का लगाउन सकिएको छैन।

आयोजनाको २८.८ किलोमिटरदेखि ४८.३ किमिसम्म मूल नहर निर्माणका लागि गत वर्ष पाँच वटा प्याकेजमा ठेक्का सम्झौता भएको थियो। तीन वर्षभित्र काम सक्ने गरी ठेक्का सम्झौता भए पनि बजेट अभाव, रूख कटानमा समस्या र जमिन अधिग्रहण हुन नसक्दा काम हुन सकेको छैन। निर्देशक शेर्पाका अनुसार उन्नाइस किलोमिटर नहर निर्माणका लागि शुक्लाफाँटा नगरपालिकाको फुलेलीदेखि कैलालीको गोदावरी नगरपालिकामा पर्ने मालाखेतीसम्म सात हजार दुई सय रूख कटान गर्नुपर्ने छ तर त्यसको अनुमति वन विभागले अहिलेसम्म दिएको छैन।

डेढ दशकसम्म पनि आयोजनाको काम पूरा नहुँदा स्थानीय किसान खिन्न छन्। 'सिचाँइ सुविधा उपलब्ध हुने स्थानमा किसानहरूले बोरिङबाट सिँचाइ गरिरहेका छन्।' स्थानीय विसन दत्त जोशीले भने, 'आयोजना लामो समयसम्म पनि निर्माण हुन नसक्दा लागत पनि बढ्दै गएको छ।'

कञ्चनपुर उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष दिनेश मल्लले आयोजनाको मूल नहर नै जीर्ण हुँदै गएकाले सरकारले आयोजनाको काम शीघ्र सम्पन्न गर्नुपर्नेमा जोड दिए। उनले आयोजनाका समस्या समाधान गरेर सरकारले किसानका खेतमा पानी पुऱ्याउनुपर्ने बताए।

## कर्पोरेट

### पशुपति क्याम्पसमा ग्लोबल आइएमईको एक्सटेन्सन काउन्टर




**काठमाडौं (प्रस)**– ग्लोबल आइएमई बैंक लिमिटेडले काठमाडौं महानगरपालिका वडा नं. ७, चाबहिल, मित्रपार्कस्थित पशुपति बहुमुखी क्याम्पसमा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ। सेवाग्राहीको बढ्दो चाप र आवश्कतालाई मध्यनजर गर्दै बैंकले नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको हो।

यो काउन्टर सञ्चालनमा आएसँगै बैंकका एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर हरूको संख्या ६५ पुगेको छ। नयाँ एक्सटेन्सन काउन्टरबाट निक्षेप सङ्कलन गर्ने, नगद भुक्तानी गर्ने, मोबाइल तथा अनलाइन बैंकिङ्ग सेवा दिने, रेमिट्यान्सको सुविधा प्रदान गर्ने लगायत सबै किसिमका साधारण बैंकिङ्ग सेवाहरू उपलब्ध हुनेछन्।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकले ३५५ शाखा कार्यालय, ३७८ एटिएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन्। 'सबैका लागि बैंक' भन्ने नाराका साथ बैंकले ४६ लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ।

### नेसनल लाइफ इन्स्योरेन्स ३७ औं वर्षमा

**काठमाडौं (प्रस)**– नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लि. ले ३६ औं वर्ष पूरा गरी ३७ औं वर्षमा प्रवेश गरेको छ। कम्पनीले आफ्नो ३७ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरू आयोजना गरी मनाएको छ। कम्पनीको केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाडौंमा विशेष रक्तदान कार्यक्रम संचालन गरिएको छ जसमा ५० भन्दा बढी कम्पनीका कर्मचारीहरूको सहभागिता रहेको थियो। देशभरमा ५३ वटा बाल र बृद्ध आश्रमहरूमा खाना खुवाउने कार्यक्रम आयोजनासमेत सम्पन्न गरिएको छ। अपांगता संरक्षण नेपालको सहायतामा १२३ जना दृष्टिविहीन व्यक्तिहरूलाई सेतो छडि वितरण गरिएको छ।

नेपालको अग्रणी जीवन बीमा कम्पनीको रूपमा स्थापित यो कम्पनीले विगत वर्ष सरह चालु वर्षमा राम्रो ब्यवसायिक प्रगति गरेको छ। संस्थापक समूह र सर्वसाधारण समूहको ५५:४५ को अनुपात रहेको यस कम्पनीले आर्थिक वर्ष २०७८/०७९ को मुनाफाबाट कम्पनीले सेयरधनीहरूलाई ८ प्रतिशत बोनस सेयर तथा ६.५ प्रतिशत नगद लाभांश र बोनस सेयरमा कर प्रयोजनको लागि थप नगद लाभांश पारित गरी साधारण सभा सम्पन्न गरी सकेको अवस्था छ।



कम्पनीको जीवन बीमा कोषमा रु.७१ अरबको हाराहरीमा रकम जम्मा भएको छ। आर्थिक वर्ष २०७८/०७९ बोनस सेयर वितरणपछि कम्पनीको चुक्ता पूँजी ५ अर्ब १ करोड रूपैयाँ रहेको छ। कम्पनीले आफ्ना बीमितहरूलाई उत्कृष्ट बोनस दर प्रदान गर्दै आएको छ। आ.व.२०७८/०७९ को बीमांकीय मूल्याङ्कन पश्चात बीमितलाई न्यूनतम प्रति हजार ६३ रूपैयाँदेखि अधिकतम् प्रति हजार ८५ रूपैयाँ सम्म प्रदान गरेको सहर्ष जानकारी गराउछौं। कम्पनीको शाखा कार्यालय नेपालगंजमा आफ्नो भवन निर्माण भई सम्पन्न हुने अवस्थामा रहेको छ। ११७ शाखा कार्यालय संख्या र ५०० कर्मचारी संख्या रहेको यस कम्पनीमा १ लाख भन्दा बढी अभिकर्ता कार्यरत रहेका छन्।

कम्पनीले स्थापनाकाल देखि २०८० साल पौष मसान्त सम्म कूल बीमाशुल्क आम्दानी रु.१०२ अरब ३० करोड आर्जन गरेको छ भने कूल ४५ लाख ५६ हजार बीमालेख जारी गरेको छ र कूल रु.३७ अरब ४९ करोड बराबर बीमा दावी भुक्तानी गरेको छ।


## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारीमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत् रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचन गरी घर फर्की आफैं उद्यमी बनौं,
- श्रम स्वीकृतिको अवधि सकिएपछि अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानुपर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ